अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निश्शुल्क वाइफाई प्रयोग नगरौं । अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपी/पासवर्ड अरूलाई साझा नगरौं ।

**सुरक्षितरूपमा वित्तीय कारोबार गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ २६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 09 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६१

## एमाले सरकार ढालेकोले रौतहटका जनता पीडामा -अध्यक्ष ओली

प्रस, रौतहट, २५ माघ/

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेकपाको सरकार ढालिएका कारण नदी नियन्त्रण तथा लालबकैया नियन्त्रण हुन नसकेको बताएका छन् ।



नेकपा एमाले रौतहट जिल्ला अधिवेशनको बिहीवार गरुडामा उद्घाटन गर्दै अध्यक्ष ओलीले रौतहटका जनता सधैं पीडामा रहने, नदी नियन्त्रण नहुने, लालबकैयाबाट पीडित हुने जस्ता समस्यालाई समाधान गर्न एमाले लागेको तर एमाले सरकार ढलेसँगै यी कार्यहरू अलपत्र परेको बताए ।

मधेसको विकास गर्न खेतीयोग्य जमीनलाई सिञ्चित गर्न सुनकोशी मरिन डाइभर्सन शिलान्यास गरेको र सो योजनाबाट एक लाख ८५ हजार बिघा खेतीयोग्य जमीन सिञ्चित हुने लक्ष्य रहेको बताउँदै योजना पूरा भएमा रौतहट, बारा, पर्सा, सर्लाही, सिराहासमेतका जिल्लाहरूमा सिंचाइको असुविधा टर्ने बताए । उनले रौतहट जिल्ला आफूले कहिल्यै नबिर्सने जिल्ला भएको बताए । यही जिल्लाबाट ५० वर्ष पहिले २०३० सालमा पञ्चायती शासकहरूले आफूलाई पक्राउ गरेको र गरुडाबाट चन्द्रनिगाहपुर हुँदै वीरगंज कारागार चलान गरिएको स्मरण गरे ।

उनले गौर-चन्द्रपुर सडक, नदी नियन्त्रण, खानेपानी जस्ता कार्य पूरा गराउन मिसन ८४ लाई साथ दिन रौतहटवासीसँग आग्रह पनि गरे । उनले जनताको सरकार बनाउन, देशको सरकार बनाउन, जनताको आकाङ्क्षा पूरा गर्न एमालेको सरकार अपरिहार्य भएको बताए । उनले वर्तमान सरकारलाई निकम्मा भन्दै राम्रो काम नै गर्न नसकेको आरोप लगाए । सरकारमा रहँदा एमालेले गरेका विकास कार्यक्रममा अहिलेको सरकार अल्झेको बताए । उनले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बन्न नसकेको र बनेका दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल पनि यो सरकारले चलाउन नसकेको दोषारोपण गरे । उनले मधेसका नेताहरूमा विनम्रता नहुने जस्ता अहम्ले जरो गाडेको बताउँदै अहम्लाई त्यागेर विनम्र शैलीमा विचार व्यवहार जनतासँग गर्न आग्रह गरे ।

उनले माधवकुमार नेपाल बढी जान्ने भएर पार्टीविरोधी तत्त्वको पछि हिंडेको आरोप लगाए । उनले १५ वर्षसम्म पार्टी प्रमुख भएर काम गरेका नेपालले एमालेरूपी विशाल घरलाई भत्काएर नेपाली काङ्ग्रेसको पुच्छर बनेको आरोप लगाए । उनले नेपाल नेतृत्वको पार्टी स्वतन्त्र पार्टी हो, निर्वाचनले त्यो परिणाम देखाइसकेको छ र आगामी दिनमा गठबन्धनबाट बाहिरिएसँगै अस्तित्व मेटिने दाबी गरे । उनले नेता नेपाललाई आगामी चुनावमा नजिताउन रौतहटको जनतासँग आग्रह गरे ।

सचिदानन्द साहको अध्यक्षतामा भएको अधिवेशन उद्घाटन कार्यक्रममा एमालेका सचिव योगेश भट्टराई, कोशी प्रदेश इन्चार्ज रघुवीर महासेठ, रौतहट इन्चार्ज पुरुषोतम पौडेल, केन्द्रीय सदस्य अजय गुप्ता, पूर्वसांसद रेखा झा, मधेस प्रदेश सचिव आरती भण्डारीलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत रामजी साहले गरेका थिए ।

## घरेलु मदिरा ब्रान्डिङ गरी बिक्री गरिने -मन्त्री रिजाल

प्रस, वीरगंज, २५ माघ/

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले घरेलु मदिरालाई ब्रान्डिङ गरेर बिक्री प्रवर्द्धन गरिने बताएका छन् ।


तस्वीरः गूगल

उद्योग मन्त्रालयमा बिहीवार आयोजित घरेलु मदिरा प्रवर्द्धन विषयक छलफलमा मन्त्री रिजालले ठूला उद्योगी हाबी नहुने गरी साना तथा घरेलु उद्योगको रूपमा घरेलु मदिराको बिक्री प्रवर्द्धनको व्यवस्था मिलाइने बताए । उनले घरेलु मदिराको उत्पादन तथा गुणस्तर निर्धारण गरी बिक्री प्रवर्द्धनको व्यवस्था मिलाइने बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा घरेलु मदिराको बिक्री प्रवर्द्धनका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको उनले बताए । मन्त्रालयले घरेलु मदिरालाई गुणस्तर मापदण्ड तयार गरेर ब्रान्डिङ गर्ने नीति लिएको उनले बताए । आज मन्त्रालयमा भएको छलफल कार्यक्रममा बिक्री प्रवर्द्धनसम्बन्धी 'रोड म्याप'समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले घरेलु मदिराको गुणस्तर मापदण्डमा विशेष ध्यान पुऱ्याउनुपर्ने बताए । कानूनमन्त्री धनराज गुरुङले घरेलु मदिराको उत्पादन तथा बिक्री प्रवर्द्धनका लागि स्पष्ट कानूनी संवेदनशीलता हुनुपर्ने बताए ।

कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की, बागमती प्रदेशका मुख्यमन्त्री सालिकराम जमरकट्टेल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, उद्योग सचिव मुकुन्दप्रसाद निरौला, वाणिज्य तथा आपूर्ति सचिव नारायणप्रसाद दुवाडी तथा प्रदेशका मुख्य सचिवहरूको सहभागिता थियो ।

## पकहामैनपुर गापामा प्रशासनिक सुधारका प्रयास

प्रस, परवानीपुर, २५ माघ/

पर्सामा नकारात्मक टीकाटिप्पणी र आलोचना हुने पालिकामध्ये पकाहामैनपुर गाउँपालिकालाई पनि लिइन्छ । कुनै काम सही प्रणालीबाट चल्दैन, आर्थिक अनियमितता, कमिशनतन्त्र, कुशासन हाबी भएको, राम्रोभन्दा हाम्रोलाई चुन्ने परिपाटीलगायतका कार्यमा सो पालिकाका जनप्रतिनिधिमाथि पटकपटक आरोप लाग्ने गरेको छ ।


सम्मानित हुने प्रमुख प्रशासकीय अधिकृत उदयशङ्कर चौधरी (बायाँबाट दोस्रो) । तस्वीरः प्रतीक

तर दुई महीनायता गाउँपालिकाका गतिविधि सही प्रणालीमा हिंडिरहेको पालिकावासीले महसूस गर्न थालेका छन् । केही दिन अघि मात्रै सो पालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयशङ्कर चौधरीलाई पकहामैनपुर धोरेका युवाहरूको समूहले सम्मानितसमेत गरेको छ । प्रप्रअ चौधरीले आफू आएसँगै गापाका प्रशासनिक कार्यलाई नियमसङ्गतरूपमा गरिरहेको त्यहाँका युवाहरूले भन्न थालेका छन् । प्रप्रअ चौधरीले दुई महीना अवधिमा गरेका राम्रा कामको प्रशंसा गर्दै एमाले पकहामैनपुर गापानिकट युवा समूहले सम्मानित पनि गरेको छ ।

चौधरीले सो गापाको प्रप्रअको जिम्मेवारी सम्हालेपछि पकाहामैनपुर माविमा निर्माण कार्यका सबै गोप्य टेन्डर बदर गर्दै खुल्ला प्रतिस्पर्धाबाट निर्माण कार्य गराउन पुनः टेन्डर गरिएका छन् । पालिकामा ४१ जनाले पाएको अनधिकृत नियुक्तिलाई बदर गर्दै खुल्ला प्रतिस्पर्धामार्फत कर्मचारी नियुक्त हुन थालेका छन् । शिक्षक, स्वास्थ्यकर्मी नियुक्तिको लागि खुल्ला प्रतिस्पर्धामा उत्कृष्ट गर्नेलाई ग्राहयता दिइएको छ । त्यसैगरी, चालू आव २०८०/८१ को विशेष गाउँसभाबाट योजना तथा बजेट पारित गराइ जनप्रतिनिधिहरूले पाउने सेवासुविधासमेत टुङ्गो लगाउनुका साथै विकास निर्माण र बजेट सञ्चालनमा आएको छ ।

## वन समूहका अध्यक्ष थापा धरौटीमा रिहा

प्रस, निजगढ, २५ माघ/

निजगढ नगरपालिका-२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापा बिहीवार धरौटीमा रिहा भएका छन् । बारा जिल्ला अदालतका दुई नम्बर इजलासका न्यायाधीश प्रकाश राउतको आदेशमा अध्यक्ष थापा रिहा भएका हुन् । उनीसित रु चार लाख धरौटी माग गरिएको बारा जिल्ला अदालतका श्रेस्तेदार लालबहादुर कार्कीले जानकारी दिए ।


अध्यक्ष थापा ।

डिभिजन वन कार्यालय, बाराले वन समूहका अध्यक्ष थापालाई गत पुस २८ गते पक्राउ गरी मुद्दा चलाएको थियो । सरकारी वकीलले अदालतमा मुद्दा दायर गरेपछि आज थुनछेक बहसको क्रममा न्यायाधीश राउतबाट उक्त आदेश भएको हो । सो वन क्षेत्रमा अतिक्रमण र आबादी गराएको उजूरी परेपछि उनीसहित २६ जनाविरुद्ध बारा जिल्ला अदालतले २०८० भदौ १५ गते पक्राउ पुर्जी जारी गरेको थियो । सोही प्रकरणमा अनुसन्धानको क्रममा डिवका, बाराले ५२ जनाविरुद्ध मिसिल तयार गरी सरकारी वकीलको कार्यालयमा पेश गरे पनि सरकारी वकीलको कार्यालयले ३५ जनाविरुद्ध मात्रै अदालतमा मुद्दद्धा दायर गरेको डिभिजन वन कार्यालय, बाराले जनाएको छ ।

सो सामुदायिक वन उपभोक्ता समूहको २० हेक्टरभन्दा बढी वन क्षेत्रलाई आबाद गर्दै आएको उजूरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा परेको थियो । तत्कालीन माओवादी सशस्त्र द्वन्द्वताका फँडानी गरिएको सो वन क्षेत्रमा स्थानीयले मानवबस्ती बसाउन रोक लगाए पनि हाल ११ घर रहेको वन कार्यालयले जनाएको छ । अतिक्रमण गरिएको वन क्षेत्रमा सामुदायिक विद्यालय, मठमन्दिर, गुम्बा, सङ्घसंस्था सञ्चालनका लागि जमीन भागबन्डा गरी सो वन क्षेत्रको जमीनमा खेतीपाती गर्न ठेक्कासमेत लाग्दै आएको स्थानीयले बताएका छन् ।

## ब्युटिशियन तालीम समापन



दिनेश मिश्र, वीरगंज, २५ माघ/

वीरगंज महानगरपालिका-९ वडा कार्यालयको आर्थिक सहयोगमा महिला तथा बालबालिका विकास संस्था, पर्साले आयोजना गरेको एक महीने ब्युटिशियन तालीम बिहीवार सम्पन्न भएको छ ।

वडाध्यक्ष जवाहरप्रसाद कलवारले तालीममा सिकेका सीप प्रयोग गरी व्यवसाय सञ्चालन गर्न सुझाव दिए । उनले यस वर्ष आधारभूत तालीम सञ्चालन भएपनि आगामी वर्ष एडभान्स तालीम आयोजना गरिने बताए ।

सहभागी महिलाहरूलाई ओमकुमारी शर्माले तालीम दिएकी थिइन् । कार्यक्रममा वडासचिव रमेश श्रेष्ठ, वडा सदस्य नन्दकिशोर चौहान, लालबाबू कलवार, गीता मानन्धर, कुमारी सोनीको सहभागिता थियो ।

## मालवाहक ट्रक नियन्त्रणमा

प्रस, वीरगंज, २५ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले अनलाइन भिसिटिएस बिलभन्दा बढी मालवस्तु रहेको आशङ्कामा एउटा ट्रक नियन्त्रणमा लिएको जनाएको छ ।

वीरगंज महानगरपालिका-१४ गण्डकचोकबाट हिजो राति १० बजे ना.३ख ४४१५ नम्बरको ट्रक चेकजाँच गर्दा सोमा रहेका मालवस्तुहरू अनलाइन भिसिटिएस बिलभन्दा बढी देखिएपछि नियन्त्रणमा लिएको र आवश्यक कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको बताए ।

## विचारसार र सूक्तिहरू

**मानिस तिम्रो आलोचना गर्न सक्छन्, त्यसको वास्ता नगरी लगनपूर्वक काम गर्दै जान्छौ भने सफलता कसैले रोक्न सक्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# सार्वजनिक सुनवाइ

**पारदर्शिताको लागि सार्वजनिक सुनवाइ कार्यक्रम हुने गर्छ । सार्वजनिक सुनवाइ कार्यक्रम अहिलेदेखि हुँदै आएको होइन । शुरूका दिनमा सार्वजनिक सुनवाइ कार्यक्रम एनजिओहरूमार्फत गराइन्थ्यो । आफूले गरेका कामहरूका बारेमा जानकारी गराउने, जनताले ती कामहरू भए/नभएको बारेमा बुझ्ने, प्रश्न गर्ने अनि आगामी दिनमा जनताबाट प्राप्त राय, सुझाव, सल्लाह अनुसार कामहरू गर्नका लागि सहजता होस् भनेर सार्वजनिक सुनवाइ कार्यक्रम गरिन्थ्यो । अहिले गरिने सार्वजनिक सुनवाइको पनि मुख्य उद्देश्य यही हो । सार्वजनिक सुनवाइ कार्यक्रमहरू सरकारी, गैरसरकारी सेवा प्रदान गर्ने निकायहरूले आफूले गरेका कामहरूबारेमा सरोकारवाला पक्षलाई जानकारी गराउन, त्यसमा भएका त्रुटिहरू सच्याउनका लागि गरिन्छ । तर अहिले सार्वजनिक सुनवाइ कार्यक्रम जनताको आँखामा छारो हाल्न र सरकारी नियम कानून पालना गर्ने उद्देश्यले हुने गरेका छन् । खासगरी पालिकास्तरमा सार्वजनिक सुनवाइ कार्यक्रमले निकै प्रभाव पार्छ । प्रत्येक वर्ष पालिकाले गरेका कामहरूबारे सरोकारवालाहरूको सहभागिता गराएर जानकारी गराउने र पालिकाले प्रदान गर्दै आएका सेवासुविधाहरूबाट सरोकारवालाहरू लाभान्वित भए/नभएको बारेमा समुदायबाट जानकारी लिन सकिन्छ र यसबाट सेवाहरूमा सुधार पनि हुन सक्छ ।**

**आफूबाट प्रदान गरिने सेवाहरू अझ बढी प्रभावकारी गराउनका लागि कस्ता कामहरू गर्नुपर्छ, जसले गर्दा पुराना सवालहरू आगामी वर्षमा नदोहोरियोस् भन्नेतर्फ सार्वजनिक सुनवाइ कार्यक्रमले मार्गदर्शन पनि प्रदान गर्छ । उद्देश्य राम्रो भएपनि सार्वजनिक सुनवाइ कार्यक्रमहरू हामीकहाँ जनतालाई उल्लु बनाउन र सरकारी नियम कानून पालनाका लागि मात्र हुने गरेकाले यसको प्रतिफल समुदायले पाउन नसकेको हो । सार्वजनिक सुनवाइ कार्यक्रमका लागि पालिकाहरूले बजेट विनियोजन गरेका हुन्छन् । सुनवाइ गर्नका लागि कुनै संस्थालाई जिम्मेवारी दिइन्छ र कार्यक्रम सम्पन्न गरिन्छ । तर त्यो कार्यक्रमबाट आएका राय, सल्लाह र सुझावहरू आगामी वर्ष पूरा भए/भएनन् भन्ने विषयमा न त कार्यक्रम आयोजना गर्नेहरूले पालिकासँग प्रश्न गर्छन्, न सरोकारवालाहरूले नै यसबारेमा चियोचासो राख्छन् । यसैले सार्वजनिक सुनवाइ नियम कानून पूरा गर्न बजेट सकाउनका लागि मात्र हुँदै आएको भन्ने आम बुझाइ बढ्दो छ । अहिले उद्योगहरू स्थापनापूर्व पनि सार्वजनिक सुनवाइ गर्ने प्रचलन देखिएको छ । पहिले उद्योग दर्तापूर्व चार किल्लामा भएका व्यक्तिहरूले सहमति जनाएपछि उद्योग सञ्चालन स्वीकृति हुन्थ्यो ।**

**यसरी उद्योगहरू सञ्चालनमा आउँदा चार किल्लाबाहेकका छरछिमेकबाट ध्वनि, दुर्गन्धलगायत प्रदूषणले पीडित भएको उद्योगहरू बन्द गर्नुपर्ने जस्ता कुराहरू बाहिर आएपछि अहिले उद्योग सञ्चालनपूर्व सार्वजनिक सुनवाइ गर्न थालिएको छ । सार्वजनिक सुनवाइ गरेर उद्योगहरू सञ्चालनमा आउँदा चार किल्लासहित छरछिमेक पनि सहमत हुनुपर्ने र पछि उद्योग सञ्चालनमा विरोधका स्वरहरू मत्थर हुने सम्भावना प्रबल रहन्छ । सार्वजनिक सुनवाइ नभएर स्थापित उद्योगहरूबाट हुने विभिन्न खाले प्रदूषणको विरोध हुँदै आएको थियो । यसका लागि उद्योग विभागले वातावरण परीक्षण प्रतिवेदन लिने गरे पनि सरोकारवालाहरूको सहभागिताविना त्यस्ता रिपोर्ट तयार गरेर विभागमा पेश हुँदै आएकाले अहिले स्थलगतरूपमा सरोकारवालाको सहभागितामा सार्वजनिक सुनवाइ गरिन थालिएको हो र यसको प्रतिफल राम्रो हुन सक्ने आशा गर्न सकिन्छ ।**

# बाँसवारी छाला जुत्ता प्रकरण

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**देशले निजीकरण अभियान शुरू गरेपछि सरकारी उद्योग र जग्गासमेत निजी क्षेत्रले लिएको देखिन्छ । बाँसवारी जुत्ता कारखानाको जग्गा हडपेको अभियोगलाई पनि यसै अन्तर्गत हेरिनुपर्ने र सरकारी जग्गा कानूनी प्रक्रिया अनुसार नै लिएको दाबी चौधरी परिवारको छ ।**

बाँसबारी छाला जुत्ता कारखानाको ३७ वर्ष अगाडिको भ्रष्टाचार प्रकरण यति बेला फेरि चर्चामा आएको छ । यो प्रकरणमा मुछिएका व्यवसायी अरुण चौधरी र तत्कालीन महाप्रबन्धक अजितनारायणसिंह थापा (हाल ८४ वर्षका)लाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले थप छानबीनका लागि पक्राउ गरेपछि अदालतबाट जमानतमा रिहा भएका छन् । उनीहरूमाथि बाँसबारी छाला जुत्ता कारखानाको १० रोपनी सरकारी जग्गा अपचलन गरेको आरोप लागेको छ । अभियुक्त अरुण चौधरी नेपाली काङ्ग्रेसका नेतासमेत रहेका अर्बपति व्यापारी विनोद चौधरीका भाइ हुन् । तत्कालीन समयमा जग्गा अपचलनमा मुख्य भूमिका विनोद चौधरीको रहेको केही वर्ष अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबीनले पुष्टि गरेको थियो । दाइ विनोद चौधरीले गरेको अपचलन प्रकरणमा भाइ अरुण चौधरीलाई किन पक्राउ गरियो भन्ने प्रश्न सामाजिक सञ्जालमा धेरैले उठाएका छन् तर उनीहरूको अधिकांश सम्पत्ति साझा छ । बाँसबारी छाला जुत्ता कारखानाको अपचलन भएको १० रोपनी जग्गामध्ये अधिकांश अरुण चौधरीको नाममा छ, जबकि त्यहाँ सञ्चालित चाँदबाग स्कूल भने विनोद चौधरीको नाममा छ ।

चौधरीको गिरफ्तारीले देशभरि तरङ्ग ल्याएको छ । एकातिर उद्योगी व्यवसायीहरूले राज्यले व्यवसायी पक्रेर आतङ्क मचाउन थालेको, लगानीको वातावरण बिगार्न आँटेको आरोप लगाएका छन् भने सर्वसाधारणले जग्गा हिनामिनाको सही जाँचबुझ हुनुपर्ने बताएका छन् । अहिले यो विषय अनुसन्धानकै क्रममा रहेकोले जग्गा हिनामिना भएको हो वा होइन, हो भने को–को जिम्मेवार छ भन्ने कुरा खुलेको छैन । चौधरी पक्राउ प्रकरणले उद्योगी व्यवसायीले व्यवसाय गर्दा निकै होश पुऱ्याएर काम गर्नुपर्ने तथ्य उजागर गरेको छ । आउँदो वैशाख महीनामा सरकारले विदेशी लगानीकर्तालाई लगानी गर्न आकर्षित गर्ने अभिप्रायले लगानी सम्मेलन आयोजना गर्न लागेको अवस्थामा देशकै उद्योगपति गिरफ्तारी र तिनलाई दिइएको जग्गाको छानबीन प्रकरणले देशका उद्योगी, व्यवसायीलाई पक्कै पनि त्रसित बनाएको हुनुपर्दछ ।

कोभिड–१९ को सङ्क्रमणका कारण देशको अर्थतन्त्र तहसनहस छ, उद्योगधन्दा चौपट छ, यस्तोमा सरकारले देशका सबैभन्दा ठूला व्यापारीलाई नै पक्राउ गर्नुको निहितार्थ पक्कै पनि सामान्य हुन सक्दैन । विनोद चौधरी नेपाली काङ्ग्रेसका सांसद हुन् । नेपाली काङ्ग्रेसको सहयोग र समर्थनबाट यो सरकार चलिरहेको छ । केही अघि मात्रै नक्कली भूटानी शरणार्थी प्रकरणमा नेपाली काङ्ग्रेसका नेता र पूर्व गृहमन्त्री पक्राउ परेका थिए । हाल उनी जमानतमा छन् तर नेपाली काङ्ग्रेसका प्रभावशाली नेतादेखि धनी व्यापारी र सांसदमाथि पनि कारबाई गर्न सरकार सक्षम छ भन्ने सन्देश दिएर सरकारका मुखियाले गठबन्धनका अन्य दलका नेताहरूलाई पनि आवश्यकताभन्दा बढी दबाबको राजनीति नगर्न परोक्ष सङ्केत दिएको हुन सक्दछ ।

केही दिन अघि राजा ज्ञानेन्द्र मधेस प्रदेशका केही जिल्लाको भ्रमणमा आएका थिए । वीरगंजमा उनको सम्मानमा आयोजित नागरिक अभिनन्दन समारोहमा उपस्थित भीड देखेर उनी उत्साही भएका थिए । राजनीतिक दल र विगत १७ वर्षमा देशको शासनसत्तामा रहेका राजनीतिक दलहरूको कमी कमजोरीलाई औंल्याउँदै पूर्वराजा ज्ञानेन्द्रले गहिरो चिन्तन व्यक्त गरेका थिए र एक किसिमले दलहरूलाई असफल पनि बताएका थिए । उनको सम्बोधनले सरकारसहित देशका राजनीतिक दलहरूलाई पनि आक्रोशित बनाएको थियो । सम्भवतः आक्रोशमा नै आएर होला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०५८ सालको जेठ महीनामा भएको राजा वीरेन्द्रको वंशनाश हत्याकाण्डको पूर्ण छानबीन गरिने घोषणा गर्नुपऱ्यो । यो बेग्लै कुरा हो कि यसमा सत्ताधारी गठबन्धनकै अन्य दलहरूको समर्थन देखिएन । बाँसवारी छाला जुत्ता कारखानाको जग्गा हिनामिना प्रकरणको पनि प्रत्यक्ष–अप्रत्यक्ष साइनो राजदरबारसित रहेको छ । राजा समर्थकहरूले पञ्चायतीकालमा मित्रराष्ट्रहरूको सहयोगबाट खोलिएको कलकारखानालाई देशका राजनीतिक दलहरूले सखाप पारे भन्ने आरोप लगाउँदै आएका छन् । व्यापारी अरुण चौधरीको गिरफ्तारीको एउटा कारण यो पनि हुन सक्दछ किनभने विगतमा यस जग्गाको नियन्त्रण राजदरबारको अधीनमा थियो ।

उद्योगको नाममा रहेको सरकारी जग्गा व्यक्तिको नाममा बेचेर निजीकरण गर्न सकिने प्रावधान पञ्चायतकालको कानूनमा थिएन, तर राजदरबारको आदेश भने कानूनभन्दा माथि थियो । त्यति बेला राजदरबारको तर्फबाट उद्योग हेर्ने जिम्मा कान्छा अधिराजकुमार धीरेन्द्र शाहले पाएका थिए । धीरेन्द्र शाहसँग विनोद चौधरीको राम्रो मित्रता थियो । त्यतिबेला बाँसवारी छाला जुत्ता कारखानाका लागि पैसा आवश्यक भएको बहाना बनाइयो । अर्को जुत्ता कारखाना खोलेर चलाउने प्रयोजनका लागि विनोद चौधरीलाई १० रोपनी जग्गा बिक्री गरियो । चौधरीले उक्त जग्गामा केही समय जुत्ता कारखाना पनि चलाए तर पछि जग्गाको लालपूर्जासमेत आफ्नो निजी स्वामित्वमा ल्याए । अरू नै परियोजनका लागि उनले जग्गा प्रयोग गर्न थाले । चाँदबाग स्कूल तथा आवास भवनहरू यसका उदाहरण हुन् । त्यसैले ललिता निवास जग्गा प्रकरणभन्दा बाँसवारी छाला जुत्ता कारखानाको जग्गा प्रकरणलाई झन् बढी पेचिलो भ्रष्टाचारका रूपमा लिने गरिएको छ । यस प्रकरणको सत्य तथ्य बाहिर आउनु आवश्यक छ ।

बाँसवारी छाला जुत्ता कारखाना २०२२ सालमा स्थापना भएको थियो । सरकारले निजीकरणको नीति लिएसँगै २०५० सालमा छाला जुत्ता कारखाना निजीकरण गरियो । २०४३ सालमा विनोद चौधरीलाई दिएको १० रोपनी जग्गाबाहेक बाँसवारी छाला जुत्ता कारखानाको जग्गा अपचलन भएको छैन । २०४९ सालमा पुराना मेशीनहरू बिक्री गरिएको हो । चौधरीको नाममा गएको बाहेक बाँकी जग्गामा अहिले शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, नेपाल मेडिकल काउन्सिल, नर्सिङ काउन्सिललगायत सरकारी कार्यालय तथा भवन छन् । बाँसवारी छाला जुत्ता कारखानाको सञ्चालक समितिको बैठकले १० रोपनी जग्गा च्याम्पियन फूटवेयर लिमिटेडको नाममा नामसारी गरिदिने निर्णय गरेको थियो । त्यति बेला लिमिटेडमा २५०० कित्ता सेयर स्वामित्व हुने निर्णय गरिएको थियो । त्यसबमोजिम कुल १० रोपनीमध्ये पहिले ६ र पछि ४ रोपनी जमीन चौधरीले हात पारेको अनुसन्धानबाट खुलेको छ ।

देशभरि सरकारी जग्गा लिजमा लिएर व्यवसायीहरूले व्यवसाय गरिरहेका छन् । त्यस्तै देशले निजीकरण अभियान शुरू गरेपछि सरकारी उद्योग र जग्गासमेत निजी क्षेत्रले लिएको देखिन्छ । बाँसवारी जुत्ता कारखानाको जग्गा हडपेको अभियोगलाई पनि यसै अन्तर्गत हेरिनुपर्ने र सरकारी जग्गा कानूनी प्रक्रिया अनुसार नै लिएको दाबी चौधरी परिवारको छ ।

सरकारले बालुवाटारको ललिता निवास जग्गा हडपेको विषयमा अध्यक्ष गरी विभिन्न व्यवसायी र कर्मचारीलाई पक्राउ गरेको थियो । तर त्यो मुद्दाको अहिलेसम्म किनारा लागेको छैन । नेपालीलाई नक्कली भूटानी शरणार्थी बनाएको विषयमा पनि अध्ययन गरी सिआइबीले पक्राउ गरेको थियो । यो मुद्दाको पनि किनारा लागेको छैन । सुन तस्करीदेखि विभिन्न भ्रष्टाचारकाण्डको छानबीनमा प्रहरीको सक्रियता देखिएको छ तर मुद्दाको टुङ्गो लागेको छैन । नेपालका प्रायः सबै राजनीतिक दलका प्रमुख नेता र तिनका पारिवारिक सदस्यहरूमाथि भ्रष्टाचार, अनियमितता, हत्या र हिंसाको आरोप लागेको छ । नेपालमा प्रतिकारात्मक र प्रचारात्मक राजनीतिले बढी महत्त्व पाएको छ । यो काण्ड पनि सत्य–तथ्यको खोजीबेगर त्यसैगरी सेलाउने त होइन ?

# सकिएकै हो त इतिहास अध्ययनको औचित्य ?

विचार



राजकुमार दिक्पाल

**इति–ह–आस शब्दको संश्लेषणबाट इतिहास शब्द बनेको छ । इति भनेको 'यस्तो', ह भनेको 'पक्का' र आस भनेको 'थियो' भन्ने अर्थ लाग्छ । हिजो राजा महाराजाको जुन प्रकारले महिमामण्डन गर्दै इतिहास शब्दकै मर्मलाई बिर्सेर लेख्नुपर्ने बाध्यता थियो, अब त्यो परिस्थिति पनि छैन ।**

असाध्यै उपेक्षित विषय हुन पुगेको छ, यतिखेर इतिहास विषय । हुनत त्रिभुवन विश्वविद्यालयकै मानविकी तथा सामाजिकशास्त्र सङ्कायको कतिपय विभागमा पढ्ने विद्यार्थीभन्दा पढाउने प्राध्यापकहरूको सङ्ख्या बढी छ । बढो मुश्किलले घस्रँदै यात्रा गरिरहेका त्रिविको केन्द्रीय विभागमध्ये इतिहास विभाग पनि एक हो ।

कुनै समय इतिहास एक लोकप्रिय विषय थियो । त्रिविले प्रमाणपत्र तह हटाएसँगै इतिहास पढ्ने विद्यार्थीहरूको सङ्ख्या पनि स्वात्तै घट्यो । दश जोड दुई (प्लस टु) पढाउने कलेजहरूको प्राथमिकतामा इतिहास विषय परेन । कलेजहरूकै उपेक्षाको शिकार भएपछि इतिहास विषय अध्ययनतिर विद्यार्थीहरूको रुचि घट्नु स्वाभाविक हो । स्नातक तहमा पुग्दा प्लस टुमा नपढेको विषयतिर विद्यार्थीको के ध्यान जान्थ्यो ? स्नातक तहमा विद्यार्थीको अभाव झेलेको विश्वविद्यालयले स्नातकोत्तर तहमा मनग्य विद्यार्थी पाउने अवस्था नै रहेन । यसरी इतिहास अध्ययन गर्ने विद्यार्थीको चरम अभावका कारण इतिहास विषयका प्राध्यापकहरू फुर्सदिला बनेका देखिन्छन् ।

**विद्यार्थी अभावको कारण**

अभिभावक र विद्यार्थीको प्राथमिकता रोजगारमुखी विषयतिर बढ्दै गएको छ । अझ प्लस टु सक्नासाथ विदेशमा कमाउँदै पढ्ने सपना देख्ने प्रवृत्ति केही वर्षयतादेखि ह्वात्तै बढेको छ । नेपालमैं रहेर इतिहासजस्तो ज्ञानमुखी विषय अध्ययन गरेर देशमा प्राज्ञिक योगदान दिन सकिन्छ भन्ने सोचको अपेक्षा विद्यार्थीहरूबाट गर्नु मृगतृष्णाजस्तो हुन पुगेको छ ।

इतिहास पढेका अग्रज पुस्ताले इतिहास विषयलाई जुन ढङ्गले आकर्षक विषय बनाउनुपर्ने हो, अपेक्षाकृत त्यसो सकेनन । राज्यले इतिहास अनुसन्धानमा लगानी गर्न नसक्दा इतिहास विषयमा उच्च शिक्षा लिएका पुस्ताले पनि काम पाउन सकेनन् । इतिहास पढ्नेहरूको यस्तो अवस्था देख्ने नयाँ पुस्तालाई इतिहास विषयले कसरी आकर्षण गर्न सक्थ्यो ?

देशको राजनीतिक परिवेशले पनि अनेकौं मोड लियो । राणाकालको कुरा छाडौं, पञ्चायतकालभरि इतिहास विषयमा राजा महाराजाको महिमामण्डनले प्राथमिकता पायो । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको त्यो समयमा राजा महाराजाका गलती, कमीकमजोरी औंल्याउने र जनताको वास्तविक इतिहासलाई व्यवस्थित गर्ने कार्य निषेधित जस्तै थियो । महत्त्वपूर्ण ऐतिहासिक कागजपत्रहरू राजदरबारको नियन्त्रणमा थिए । त्यस्ता कागजपत्र अध्ययन गर्न राजदरबारको विशेष कृपाको आवश्यकता पर्थ्यो ।

प्रजातन्त्रकालमा पनि इतिहास विषयमा राजा महाराजाको महिमामण्डनले नै प्राथमिकता पाइरहँदा खासगरी सरकारी कलेजहरूमा इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको खासै अभाव थिएन । तर मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दासम्म विद्यार्थीमाझ इतिहास विषय पूरै अलोकप्रिय अवस्थामा पुग्यो ।

**इतिहास : भविष्यको आधार**

नेपाली युवा पुस्तामा विदेशी प्रभावको जरो दिनदिनै गहिराइमा पुगिरहेछ । खानपान, फेसन, गीतसङ्गीत आदिमा मात्र होइन, चिन्तनमा समेत विदेशी प्रभाव पर्न थालेपछि युवा पुस्तामा देशभक्ति भाव क्रमशः कमजोर हुन थालेको अनुभव हामीले गरिरहेका छौं । युवा पुस्ताले पूर्वजको पौरखलाई एकादेशको कथाजस्तो सोच्न थालिसकेका छन् । भविष्यमा देश हाँक्ने पुस्तामा देशभक्ति भाव कमजोर हुँदै जानु राम्रो सङ्केत होइन ।

इतिहास विषयको अध्ययनबाट आफ्ना पूर्वजको गौरवबारे ज्ञानलाभ गर्न सकिन्छ । विगतको अवस्थाको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## भ्रष्टाचार नियन्त्रण र हाम्रो समाज

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**समाचारहरूमा अहिले केवल अरुण चौधरीका कुराहरू आइरहेका छन् । जब यो घटना (जग्गा नामसरी गर्ने) घट्यो त्यो बेला केवल अरुण चौधरी मात्र एक्लै यो घटनामा संलग्न थिए होलान् ? उनलाई त्यस्तो गर्न सहयोग गर्नेहरू पनि त थिए होलान् ?**

नेपालको राजनीतिक क्षेत्र अहिले जति तातेको छ त्यति नै आर्थिक क्षेत्र पनि तातेको छ । आर्थिक क्षेत्र तात्नुको कारण पनि छ । त्यो भनेको, नेपालको अर्थिक क्षेत्रलाई प्रभावित पार्ने मात्र होइन, अति नै प्रभावित पार्ने व्यापारिक परिवारका एक सदस्य नेपाल प्रहरीद्वारा पक्राउ पर्नु ।

पन्ध्र हजारभन्दा बढी व्यक्तिलाई रोजगार दिने, अनेकौं उद्योग सञ्चालन गरेर सरकारलाई लाखौं कर भुक्तान गर्ने तथा अप्रत्यक्षरूपमा सयौं परिवारहरूको लागि आम्दानी सृजना गरिदिने व्यापारिक संस्थाका एक सदस्य अरुण चौधरी अहिले प्रहारीको हिरासतमा छन् । हुनत उनी अहिले अस्पतालमा छन्, स्वतन्त्र छन् । थुनामुक्त छन् । तर पनि कानूनीरूपमा प्रहरी हिरासतमा छन् । यो आलेख तयार पारिरहँदासम्म उनी प्रहरी हिरासतमैं छन् । उनी भोलि नै पनि प्रहरी हिरासतबाट मुक्त हुन सक्छन् । प्रहरी हिरासतमा रहनु वा पर्नुको अर्थ कुनै पनि व्यक्ति अपराधी हो भन्न सकिँदैन र कुनै व्यक्तिलाई अपराधी ठहर गर्ने अधिकार प्रहरीसँग हुँदैन पनि । प्रहरीको काम कुनै व्यक्ति अपराधी हो भनी उसमाथि अभियोग लागेको छ भने उसलाई पक्राउ गर्नु मात्र हो । कुनै व्यक्ति अपराधी हो वा होइन भनी ठहर गर्ने अधिकार केवल न्यायालयसँग हुन्छ, अदालतसँग हुन्छ । अरुण चौधरीलाई कसूरदार ठहर गर्ने अधिकार केवल सम्मानित अदालतसँग छ । भोलिका दिनमा चौधरी अपराधी वा निर्दोष पनि हुन सक्छन् ।

राज्यको स्वामित्वमा रहेको बाँसवारी छाला जुत्ता कारखानाको १० रोपनी जग्गा चौधरी समूहका एक सदस्य अरुण चौधरीको स्वामित्वमा गैरकानूनी किसिमले पुगेको तथा त्यसरी आफ्नो स्वामित्वमा पुऱ्याउने काम चौधरीले आर्थिक भ्रष्टाचार गर्ने नियतले गरेको अभियोग केन्द्रीय अनुन्धान ब्युरो, नेपाल प्रहरीले चौधरीमाथि लगाएको छ । समाचारहरूमा उल्लेख भए अनुसार नेपाल प्रहरीले गत चार महीनादेखि यस विषयमा अनुसन्धान गरिरहेको थियो । र लामो अनुसन्धानपछि चौधरीलाई दोषी देखेर पक्राउ गर्ने निर्णयमा पुगेको हो । तर विचारणीय कुरा के छ भने यो घटना २०४२ सालतिरको हो रे । अहिले आएर, अचानक यो घटना कसरी प्रकाशमा आयो ? २०४२ सालपछि अनेक सरकार बने । त्यस बेलाका सरकारहरूले यो विषयलाई किन छोपेर राखे वा किन अनुसन्धान गरेरनन् ? यो एउटा अर्को रहस्यको विषय हुन पुगेको छ ।

यस आलेखको उद्देश्य अरुण चौधरीले गरेका अपराध (अभियोग लागेको प्रमाणित नभइसकेको) बारे चर्चा गर्नु होइन । उनीलाई दोषी वा निर्दोष भन्नु पनि होइन । यस आलेखको उद्देश्य मुख्यगरी दुई विषयमा चर्चा गर्नु रहेको छ । चौधरीविरुद्ध प्रहरी कारबाईले नेपालको समग्र उद्योग एवं व्यापारिक जगतमा कस्तो प्रभाव पर्नेछ र, नेपालका अति भ्रष्ट नेताहरूले गरेको भ्रष्टाचार हेर्दा चौधरीले कुन स्तरको भ्रष्टाचार गरेका हुन् । यी दुई विषयहरूमा नै यो आलेख केन्द्रित रहने छ ।

नेपालमा नेता, व्यापारी पक्राउ पर्नुको पछाडिको प्रमुख कारण भने देशमा सुशासन कायम गर्न, नियम कानूनको कठोरताका साथ पालन गर्नका लागि नभएर एक समूहले अर्को समूहसँग बदला लिनु वा लेनदेन नमिल्नु अथवा कसैलाई बदनाम गरेर आफ्नो उद्देश्य पूरा गर्नु रहेकोले कुनै नेता वा व्यापारी पक्राउ पर्नुलाई ज्यादै ठूलो विषय मान्न सकिँदैन । भोलिका दिनमा अरुण चौधरी अदालती कारबाईबाट दोषी देखिएर उनीमाथि कारबाई भएमा नेपालमा नियम–कानून प्रभावकारी किसिमले लागू हुन थालेको हो भनी अनुभूत गर्ने स्थिति होला । नियम साना र ठूला, सबैका लागि बराबर हो भन्ने सकारात्मक सन्देश देशभरि फैलिएला । तर यदि अरुण चौधरीलाई फसाउने किसिमबाट वा सेटिंग न मिलेको कारणबाट, वा उनीबाट कसैले कुनै फाइदा लिन नसकेको स्थितिको कारणले पक्राउ गरिएको हो भने यो पक्राउ प्रकरणबाट देशको व्यापारी जगतमा परेको अति नै ठूलो कुप्रभावको लागि को दोषी हुने ?

नेपालमा न राम्रो औद्यौगिक वातावरण छ, न राम्रो व्यापारिक वातावरण छ । छिटोछिटो सरकार परिवर्तन हुने, देशको औद्योगिक एवं व्यापारिक नियम–कानून यस क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूको लागि प्रतिकूल हुने, स्वार्थी नेताहरूको ध्यान केवल शक्ति र सत्तामा रहने भएकोले नेताहरूको ध्यान देशको आर्थिक विकासतिर नजाने भएकोले देशको आर्थिक स्थिति दयनीय छ । देशमा रोजगार नभएर प्रत्येक दिन सयौं युवा विदेशतिर लाग्ने स्थिति छ । यस्तो अवस्थामा राम्रो र अनुकूल औद्योगिक वातावरण सृजना गर्नुको सट्टा उद्योगपतिहरूलाई उल्टो दुःख दिने कार्यले नेपालको व्यापारिक एवं औद्योगिक क्षेत्रमा नकारात्मक सन्देश पुग्नेछ । पहिलेदेखि नै पटके व्यापार गर्दै आएका उद्योगी एवं व्यापारीहरू, अरुण चौधरी पक्राउ परेको स्थितिपछि, उद्योग–व्यापार क्षेत्रमा लगानी गर्न हच्किनेछन् । व्यापार र उद्योगको क्षेत्र नराम्ररी प्रभावित हुनेछ । रोजगारको क्षेत्र सङ्कुचति हुनेछ भने सरकारलाई प्राप्त हुने शुल्क झन् कम भएर जानेछ । गरीबी झनै बढ्ने छ ।

नेपालमा आर्थिक विकास हुन नसक्नुको लागि प्रमुख दोषी हामीले नेताहरूलाई नै ठहर गर्नुपर्छ । उनीहरूको व्यवहारमा इमानदारी भएको भए, उनीहरू त्यागी भएको भए, देशलाई माया गर्ने चरित्र भइदिएको भए, नेपालको आर्थिक स्थिति यति दयनीय हुने थिएन । देशको स्थिति यति निराशापूर्ण हुने थिएन । नेताहरूको चरित्र देखेर अहिले सम्पूर्ण देशमा निराशा फैलिएको छ । सबभन्दा निराशा युवाहरूमा फैलिएको छ । उनीहरू अहिले स्वदेशमा आफ्नो भविष्य सुरक्षित देखिरहेका छैनन् ।

अब दोस्रो विषयमा छलफल गरौं । नेताहरूले जुन स्तरको बेइमानी, आपराधिक, स्वार्थी, सत्ता र शक्तिमुखी कार्य गरेर देशलाई आर्थिक क्षति पुऱ्याए त्यसको तुलनामा अरुण चौधरीले आर्थिक भ्रष्टाचार गरेर (यदि प्रमाणित भएमा) कम क्षति पुऱ्याए । नेताहरूले गरेको अपराधको स्तरभन्दा अरुण चौधरीको अपराधको स्तर ज्यादै न्यून छ । माओवादीको तथाकथित दश वर्षे जनयुद्धकालमा देशका आर्थिक संरचना ध्वस्त पारेको, बैंकहरू लुटेको, निर्दोषहरूको हत्या गरेको घटना अहिले पनि जनजनको दिमागमा ताजा नै छ ।

समाचारहरूमा अहिले केवल अरुण चौधरीका कुराहरू आइरहेका छन् । जब यो घटना (जग्गा नामसरी गर्ने) घट्यो त्यो बेला केवल अरुण चौधरी मात्र एक्लै यो घटनामा संलग्न थिए होलान् ? उनलाई त्यस्तो गर्न सहयोग गर्नेहरू पनि त थिए होलान् ? सहयोग गर्नेहरू के निर्दोष थिए, वा छन् ? नेपालको तत्कालीन प्रशासनले कसरी सहजै सरकारी स्वामित्वमा रहेको जग्गा निजी स्वामित्वमा जान दियो ?

अब केही कुरा आर्थिक भ्रष्टाचारको गरौं । हाम्रो समाजनै भ्रष्ट छ । समाज नै भ्रष्ट भएपछि यसले उत्पादन गरेका सामान्य नागरिक, नेता, प्रशासक, प्रहरी, कर्मचारी भ्रष्ट हुनु स्वभाविक हो । समाजलाई रूपान्तरण नगरेर, सही बाटोतिर नडोऱ्याएर भ्रष्टाचार नियन्त्रण गर्न सकिंदैन । भ्रष्टाचार नियन्त्रण नभएसम्म देशमा आर्थिक विकास पनि हुँदैन । भ्रष्टाचार व्याप्त देशमा आर्थिक विकास भएको उदाहरण संसारभरि कतै पाइँदैन ।

केही अपवाद छाडेर कुरा गर्ने हो भने आफ्नो शक्ति, पद, प्रभाव प्रयोग गरेर गैरकानूनीरूपमा आम्दानी प्राप्त गर्न हामी सबै सदा तत्पर रहन्छौं । मौका नपाएर इमानदार बन्नेको सङ्ख्या हाम्रो समाजमा ठूलो छ । पाए घूस खान, बहुसङ्ख्यक व्यक्ति हरबखत तयार रहन्छन् । यति मात्र होइन, आर्थिक भ्रष्टाचार वा घूसले हाम्रो समाजमा सामाजिक मान्यता पाएको छ । यसले घूस खाएर, अपराध गरेर, धन कमाएको कसैले भन्दैन, उल्टो यसले यति धन कमाएको छ भनी समाजमा चर्चा हुन्छ । घूस खानेले, भ्रष्टाचार गर्नेले इज्जत पाउँछ ।

हाम्रो समाजले कुनै एक व्यक्ति वा व्यवसायीले धन कसरी प्राप्त गऱ्यो भन्ने विषयमा चासो राख्दैन । कुनै व्यक्ति धनी भएको आधारमा सामाजिक मर्यादा दिन्छ । अपराध गरेर कसैले धन कमाएको छ भने पनि हाम्रो समाजले उसलाई इज्जत दिन्छ ।

घूसको कुरा गर्दा, आर्थिक भ्रष्टाचारको कुरा गर्दा हामी एक पक्षीय कुरा मात्र गर्छौं । केवल घूस खानेको कुरा गर्छौं । घूस दिनेको कुरा गर्दैनौं । घूस लिनेले जति आर्थिक अपराध गरेको हो त्यतिकै आर्थिक अपराध घूस दिनेले पनि गरेको हो । काम फत्ते पार्न, वा आफू फाइदामा हुन कसैलाई घूस दिनु पनि अपराध हो । तर हामी यसरी विचार गर्दैनौं । हामी बाध्य भएर, काम बिग्रिने भएर घूस दिन बाध्य भएको भन्छौं । घूस दिनेहरूले घूस दिन बन्द गरून् त, अनि कसरी पाउने छन् घूस माग्नेहरूले घूस ?

आफ्नो फाइदाको लागि घूस दिने प्रचलन हाम्रो समाजमा रहेसम्म हामी कहाँ भ्रष्टाचार नियन्त्रण कठिन छ ।

घूस लिनु वा दिनु, भ्रष्टाचार गर्नु अपराध हो; निन्दनीय कार्य हो । यस्तो भावना समाजमा नआएसम्म भ्रष्टाचार नियन्त्रण गर्न कठिन मात्र होइन, असम्भव हुन्छ । अहिले हाम्रो समाज नै भ्रष्टाचारको आहालमा डुबेको छ ।

## सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ

महेन्द्रनगर (धनुषा), २५ माघ/रासस

सरस्वती पूजा नजीकिँदै गर्दा यहाँका मूर्तिकारलाई सरस्वतीको मूर्ति बनाउन भ्याइनभ्याइ छ । अरू बेला फुर्सदमैं रहने मूर्तिकारहरूलाई नजीकिंदो सरस्वती पूजाले व्यस्त बनाएको छ । आगामी फागुन २ गते सरस्वती पूजा परेकाले सोही पूजाका लागि मूर्ति बनाउन उनीहरू व्यस्त भएका हुन् ।



पूजामा प्रयोग गरिने मूर्तिको बिक्रीबाट अर्थोपार्जन गर्ने उद्देश्यले माटोबाट सरस्वतीको प्रतिमा बनाउन थालिएको मूर्तिकार रामकुमार मण्डल बताउँछन् । धनुषाका करीब ४० ठाउँमा मूर्तिकारहरूले मूर्ति बनाइरहेका छन् ।

धनुषाको तीनकौरिया चोक, यदुकोहा बजार, सबैला बजार, भठियन, वीरेन्द्रबजार, गोदार, ढल्केबर, महेन्द्रनगर, सपही चोक, लक्ष्मीनिया बजार, तरापट्टि बजार, धनुषाधाम, धारापानी, कुर्था बजार, जनकपुरधामको मुजेलिया, क्याम्पस चोक, विद्यापति चोक, शुक्रवारी हटिया, बिन्दही, महुवालगायतका मूर्तिकारहरू सरस्वतीको मूर्ति बनाउन व्यस्त देखिएका छन् ।

मूर्तिकार मण्डलले यस वर्षका लागि २७ वटा मूर्ति बनाइसकेका छन् । उनीसँग प्रतिगोटा रु तीन हजारदेखि १५ हजारसम्मका मूर्ति छन् ।

अर्का मूर्तिकार रामनारायण पडितले ३५ वर्षदेखि मूर्ति बनाउँदै आएको बताए । "आवश्यकता अनुसार ठाउँठाउँमा पुगेर मूर्ति बनाउँदै आइरहेको छु," उनले भने । पडितको मुख्य पेशा नै मूर्ति बनाउने हो । सरस्वती पूजाका लागि रु पाँच हजारदेखि ३० हजारसम्मका मूर्ति बनाएर बिक्री गरिरहेको उनले बताए ।

सरस्वतीको एउटा मूर्ति तयार गर्न करीब चारजनालाई पाँचदेखि १० दिनसम्म लाग्ने उनीहरूको भनाइ छ । कतिपय मूर्तिकारले स्थानीयलाई रोजगार पनि दिएका छन् । माटो, काठ, रङ कपडा तथा परालबाट मूर्ति बनाइन्छ ।

विशेषगरी सरस्वती पूजाका लागि बनाइएका मूर्ति त्यस दिन विद्यालय तथा घरमा लगी विद्यार्थी एवं साधकहरूले पूजा गर्ने गर्छन् ।

## वीरगंज महानगरले जरिवानाबाट उठायो साढे २४ लाख राजस्व

वीरगंज (पर्सा), २५ माघ/रासस

जथाभावी फोहर फ्याँक्नेहरूमाथि कारबाई शुरू गरेको वीरगंज महानगरपालिकाले गएको छ महीनामा साढे २४ लाख रुपियाँ जरिवाना उठाएको छ ।

वीरगंज महानगरपालिकाले विसं २०७९ पुस १७ गतेदेखि जरिवाना गर्न शुरू गरेको र हालसम्म जथाभावी फोहर




फ्याँक्ने व्यक्ति र संस्था गरी नौ सयजनाबाट रु २४ लाख ६३ हजार जरिवानाबापतको राजस्व सङ्कलन गरेको सरसफाइ शाखा प्रमुख सरफुद्दीन मियाँले जानकारी दिए ।

"घर, पसल र कार्यालयबाट निस्किने फोहर जतातती फ्याँक्ने स्थानीयहरूको प्रवृत्ति छ," सरसफाइ शाखा प्रमुख मियाँले भने, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान शुरू गरेका छौं ।"

यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएकोसमेत उनको भनाइ छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरका ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै हुँदै आएको छ ।

सफा, सुन्दर वीरगंजको योजना अनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ गरिरहेको पनि उनले बताऐ ।

विगतमा अस्तव्यस्त र दुर्गन्धित नगरका रूपमा परिचित वीरगञ्ज महानगर क्षेत्रलाई मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाएपछि, यतिबेला वीरगञ्ज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ । बजेट अभावका कारण देखाउँदै सरसफाइका कर्मचारी हटाएपछि भने फेरि पुरानै अवस्थामा त फर्किने होइन भन्ने चिन्ता बढेको सरसफाइ प्रमुख मियाँको कथन छ ।

"सरसफाइका कर्मचारीले दैनिक सडक र नाला सफा गर्दा सडक चिटिक्क बनेको", प्रमुख मियाँले भने, "तर केही दिनयता सरसफाइका कर्मचारी घट्दै गएका छन्, जसका कारण अपेक्षाकृतरूपमा सरसफाइको काम हुन सकेको छैन ।"

स्थायी प्रकृतिका सरसफाइ कर्मचारीले अवकाश पाएका र ज्यालादारीका रूपमा राखिएकालाई बजेट अभावका कारण हटाउनुपरेको उनको भनाइ छ ।

## वैदेशिक रोजगारमा जाने चितवनबाट धेरै

भरतपुर, २५ माघ/रासस

श्रम स्वीकृत लिएर वैदेशिक रोजगारमा जाने जिल्लाहरूमध्ये चितवन पहिलो रहेको छ । बाग्मती प्रदेशका १३ जिल्लामध्ये चितवनमा यस वर्षमा १५ हजार ८२३ जनाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृत लिएका छन् । श्रम स्वीकृत नलिई विदेश जानेको सङ्ख्या पनि उच्च रहेको वैदेशिक रोजगार एवं आप्रवासन र समी कार्यक्रमका कार्यक्रम संयोजक सूर्यप्रसाद पौडेलले बताए ।

"चितवनबाट उच्च शिक्षाका लागि अस्ट्रेलिया, अमेरिका, बेलायतलगायतका युरोपका देशमा जानेको सङ्ख्या बढी छ," उनले भने, "विदेश नजाने घर भेट्नै मुस्किल हुन लागिसक्यो," उनका अनुसार "भरतपुर महानगरपालिकामा मात्रै ३४ हजार पाँच सय घरधुरीका कुनै न कुनै व्यक्ति वैदेशिक रोजगारमा गएका छन् ।"

आर्थिक वर्ष २०७९/८० मा नेपालबाट सात लाख ७१ हजार ३२७ जनाले श्रम स्वीकृत लिएको श्रम तथा रोजगार विभागको तथ्याङ्कमा रहेको छ । यसमध्ये बाग्मती प्रदेशबाट मात्रै एक लाख १६ हजार ९३२ जनाले श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा चितवन जिल्लाबाट सबैभन्दा धेरै १५ हजार ८२३ जना छन् । धनुषापछि सबैभन्दा धेरै वैदेशिक रोजगारमा जाने जिल्लामा चितवन रहेको संयोजक पौडेलले जानकारी दिए । यहाँबाट अघिल्लो आवमा एक हजार १६१ जनाले राहदानी बनाएका थिए ।

चितवनमा सबैभन्दा बढी भरतपुर महानगरपालिकाका छ हजार ५६१ जनाले श्रम स्वीकृत लिएका छन् । त्यस्तै, माडी नगरपालिकाबाट दुई हजार १२७, इच्छाकामना गाउँपालिकाबाट एक हजार आठ, रत्ननगर नगरपालिकाबाट एक हजार ४७१, कालिका नगरपालिकाबाट एक हजार ६७९, खैरहनी नगरपालिकाबाट एक हजार ६०८ र राप्ती नगरपालिकाबाट एक हजार २९१ जनाले श्रम स्वीकृत लिएका छन् ।

वैदेशिक रोजगारका क्रममा चितवनमा ठगिने समस्या रहेको छ । जिल्ला प्रशासन कार्यालय, चितवनमा चालू आवमा १३६ निवेदन परेका थिए । त्यसमध्ये ६० प्रतिशत मानिसको बिचौलियाले पैसा उठाएर भागेको निवेदन परेको थियो । स्वदेशमैं रोजगार सिर्जना गर्न भरतपुर महानगरपालिका लागिपरेको उपप्रमुख चित्रसेन अधिकारीले बताए । "अवैधरूपमा विदेश जानेको सङ्ख्या पनि कमी छैन । भारतमा जानेको सङ्ख्या उत्तिकै छ," उनले भने, "हामी जनप्रतिनिधि यहाँ भएको साधन स्रोत, जल, जमीन, जङ्गललाई उपयोग गर्दै यहाँ भएको सीपलाई उत्पादनसँग जोड्नुपर्छ । यसका लागि हामी प्रयासरत छौं ।" वैदेशिक रोजगार देशव्यापी समस्या रहेको उनले बताए ।

# सबल अर्थतन्त्रका लागि आन्तरिक उत्पादनमा जोड देऊ

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग व्यवसायहरूको स्थापना एवं सञ्चालन विनाउत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाई आम्दानी हुने कुरै भएन । आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन ।**

अहिले मुलुकमा औद्योगिक वातावरण खस्कँदो छ। रोजगार सिर्जना, लगानी आकर्षण रपूँजी सिर्जना गर्ने औद्योगिक क्षेत्रको योगदान अर्थतन्त्रमा औसतमा पाँच प्रतिशतमा सीमित रहेको छ। औद्योगिक क्षेत्र खुम्चिंदा उद्योग व्यवसायमा सङ्कट आउने र यसले रोजगारसमेत गुम्न सक्ने तथा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउन थालेको छ। बढ्दो बेरोजगारीका कारण उपभोक्ताको खर्च गर्न सक्ने क्षमतामा ह्रास आएर वस्तुको माग घट्न थालेको छ । यस्तो अवस्थामा मुलुकले लामो अवधिको लागि लिएको विकाससम्बन्धी योजनाहरूमा नकारात्मक प्रभाव पर्न जान्छ र उत्पादनशील उमेर समूहका लाखौं युवा मुलुकमा गुमेको अवसरका कारण विदेशिने क्रम बढ्दै जान्छ । त्यसैले उत्पादनमा आधारित अर्थतन्त्र नै सबैभन्दा बलियो अर्थतन्त्र हुने भएकोले औद्योगिक क्षेत्रको विस्तारमा सरकारको ठोस पहल आवश्यक छ । यसका लागि अर्थतन्त्रको महत्त्वपूर्ण स्तम्भ मानिने निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर मुलुक सुहाउँदो समाजवाद उन्मुख आर्थिक नीति तयार गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ ।

वास्तवमा अर्थतन्त्रमा सुधार ल्याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि गर्नै पर्दछ । आन्तरिक उत्पादन भनेको आफ्नै मुलुकभित्र वस्तु उत्पादन गरेर आत्मनिर्भर हुनु हो । स्वदेशमा खपत हुन नसकेको उत्पादन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नु पनि हो। यसका साथै आन्तरिक उत्पादनले स्वदेशी उत्पादनसँग मात्र सरोकार राखेको हुँदैन, यसले निर्यात हुने वस्तुसँग पनि सरोकार राखेको हुन्छ। आन्तरिक उत्पादन भन्नाले औद्योगिक उत्पादन मात्र होइन । यस अन्तर्गत व्यापार, व्यवसाय र सेवा क्षेत्र पनि समावेश हुन्छ। किनभने यी क्षेत्रले पनि स्वदेशी उत्पादनमा योगदान पुर्‍याएर देशको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । त्यसैले स्वाधीन अर्थतन्त्रको विकास गर्नु भनेकै आन्तरिक उत्पादन बढाउनु हो । आन्तरिक उत्पादन बढाउन सकियो भने आयात स्वतः कम हुन्छ । स्वदेशी उत्पादनले नै मुलुकको आवश्यकता परिपूर्ति गरेको हुन्छ र विदेशबाट आयात गर्नु आवश्यका पर्दैन । न्यून मात्रामा आयात गरिने र पर्याप्त मात्रामा निर्यात हुने गर्दा मुलुक आर्थिकरूपले बलियो हुन्छ। यसरी आन्तरिक उत्पादन बढाउन सकियो भने विदेशी मुद्राको सञ्चिति पनि सकारात्मक हुन जान्छ। हुनत कुनै पनि मुलुक सबै वस्तु र सेवामा आत्मनिर्भर हुन सक्दैन । स्वदेशमा उत्पादन हुन नसक्ने कतिपय वस्तु पनि हुन्छ। नेपालको सन्दर्भमा भन्ने हो भने पेट्रोलियम पदार्थजस्ता वस्तु स्वदेशमा उत्पादन हुन सक्दैन। उत्पादनका लागि आवश्यक पर्ने उपकरण तथा अन्य वस्तुका लागि पनि आयात गर्नै पर्दछ र यसका लागि विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने हुन्छ ।

वास्तवमा मुलुकको अर्थतन्त्र सुदृढ बनाउनु भनेको नै आन्तरिक उत्पादन वृद्धि गर्नु हो । तर नेपाल कृषिप्रधान मुलुक भए पनि मुलुकको अर्थतन्त्र कृषि उत्पादमा आत्मनिर्भर छैन । खाद्यान्न, दाल, चामल, फलफूल, तरकारी, तेलजस्ता वस्तुको आयातमा नेपालले बर्सेनि अर्बौं रुपियाँ खर्च गरिरहेको छ। यसरी कृषिजन्य वस्तुमा समेत आत्मनिर्भर हुन नसकेर मुलुकको अर्थतन्त्र आयातमुखी बन्न पुगेको छ । पछिल्लो जनगणना अनुसार नेपालको कुल जनसङ्ख्याको करीब ६४ प्रतिशत कृषिमा निर्भर रहे पनि यो क्षेत्र उपेक्षित छ । कृषिका लागि आवश्यक पर्ने सिंचाइ, मल, बीउबिजन र उपकरणको अभावमा यो पेशा फस्टाउन सकिरहेको छैन । फलस्वरूप आन्तरिक उत्पादन घट्दो छ। कृषि उत्पादनमा वृद्धि ल्याउन नसकिएकोले मुलुकको अर्थतन्त्र आयातमा निर्भर हुँदै गएको छ । कृषिमा निर्भर ठूलो जनशक्तिलाई तत्काल अन्य क्षेत्रमा स्थानान्तरण गर्न सम्भव छैन । त्यसैले मासुजन्य, दुग्धजन्य पदार्थ एवं तरकारी र फलफूल, जसले थोरै जमीनमा धेरै उत्पादन दिन सक्छ, त्यस्ता क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ । ती उत्पादित वस्तुहरूको आन्तरिक बजारमा बिक्री वितरण र यसको निर्यातबाट राज्यको कर तथा राजस्व वृद्धि हुन्छ। फलस्वरूप विदेशी मुद्रा आर्जन तथा सञ्चिति, रोजगार सिर्जना र जनताको आम्दानीमा अभिवृद्धि भई मुलुकको आर्थिक विकासमा सहयोग पुग्छ ।

यसैगरी आन्तरिक उत्पादन बढाएर मुलुकको अर्थतन्त्र धान्ने अर्को क्षेत्र भनेको औद्योगिक उत्पादन हो। अहिले औद्योगिक क्षेत्र पनि धर्मराएको अवस्था छ । अधिकांश उद्योग आधाभन्दा कम क्षमतामा चलिरहेका छन् । थप लगानी गर्ने आत्मविश्वास उद्योगीमा छैन । वैदेशिक लगानी भित्रिने क्रम निरन्तर घटिरहेको छ। सरकारी खर्च र आयको सन्तुलन नमिल्दा सरकारी ढुकुटीमा चाप परेको स्थिति छ। वैदेशिक अनुदान तथा सहायताको अवस्था पनि निराशाजनक रहेको छ । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने नीतिगत प्राथमिकताको चार दशक लामो इतिहास भएपनि नेपालमा लगानीको कथा बिलकुलै आकर्षक छैन। प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने अपेक्षामा जति महत्त्वाकाङ्क्षी भएर नेपालले आफ्नो नीति, योजना र वार्षिक बजेटमा स्थान दिने र चर्चा गर्ने गरेको छ, त्यति प्रभावकारी नभएको सत्य विभिन्न तथ्याङ्कबाट उजागर भइसकेको छ। यसरी अर्थतन्त्रमा शिथिलता देखिन थालेको करीब डेढ वर्ष भइसक्दा पनि सुधारका लागि प्रभावकारी कदम चाल्न सरकारले तदारुकता देखाएको छैन ।

आर्थिक वर्ष २०७९/८० मा नेपालमा ३८ अर्ब ६६ करोड ९० लाख रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको उद्योग विभागबाट प्राप्त प्रारम्भिक तथ्याङ्कले देखाएको हो। योसँगै नेपालमा आएको कुल वैदेशिक लगानी प्रतिबद्धताको आकार चार खर्ब ५६ अर्ब ३८ करोड १० लाख रुपियाँ पुगेको छ। यद्यपि, गत आवमा वैदेशिक लगानी प्रतिबद्धता २२ प्रतिशतले घटेको छ । अघिल्लो आव २०७८/०७९ मा ४९ अर्ब ४३ करोड २७ लाख रुपियाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। तर समीक्षा वर्षमा त्यस्तो प्रतिबद्धता १० अर्ब ७६ करोड ३४ लाखले घटेको विभागको तथ्याङ्क छ । हुनत नेपालमा सोचेकोजस्तो विदेशी लगानीकर्ता आकर्षित हुन नसक्नु र निर्यात प्रवर्द्धन नहुनुमा विशेषतः मुलुकभित्रको राजनीतिक, आर्थिक र प्रशासनिक वातावरण जिम्मेवार छ । अहिले अर्थतन्त्रको समस्या उद्योगी, व्यवसायी र उपभोक्ताको मनोबलसँग गाँसिएको छ । उद्योगी व्यवसायीको मनोबल र समग्र बजारमा माग बढाउने विशेष नीतिगत व्यवस्था गर्न ढिला भइरहेको छ। मुलुकभित्र र बाहिरबाट जतिसक्दो धेरै स्रोत सङ्कलन गरेर पूँजीगत खर्च बढाउनुपर्छ। आन्तरिक कच्चा पदार्थमा आधारित उद्योग-व्यवसायको विकास र विस्तारलाई सरकारले प्राथमिकता दिनुपर्छ । यसले रोजगार, राजस्व सङ्कलन, नागरिकको आयआर्जनमा पनि बढोत्तरी ल्याउँछ र मुलुकको अर्थतन्त्र पनि दिगो हुन्छ। नियमनमा अति कठोर र सुधारमा अनुदार नीतिले अर्थतन्त्रको विद्यमान समस्या समाधान गर्दैन। आयात र निर्यातबीचको अन्तर धेरै हुनु अर्थतन्त्रका लागि दीर्घकालीनरूपमा गम्भीर विषय हो। यसको प्रमुख कारण देशमा उत्पादन नहुनु हो। सधैं रेमिट्यान्स र आयातबाट आउने राजस्वको भरमा मात्र मुलुकको अर्थतन्त्र चलायमान हुन सक्दैन। यसको दीर्घकालीन समाधानका लागि राज्यले उद्योग-व्यवसाय वृद्धि गरी उत्पादन बढाउँदै निर्यात वृद्धि गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो ।

यसका लागि आयात प्रतिस्थापन गर्ने खालका उद्योगहरूको स्थापना एवं सञ्चालन आवश्यक देखिएको छ। यसले नेपालमैं रोजगार सिर्जना भई लाखौं युवा रोजगारका लागि विदेश जानुपर्दैन। यसले आयात र निर्यातबीचको असन्तुलनमा पनि कमी ल्याउँछ । आन्तरिक उत्पादन कमजोर हुँदै गएपछि मुलुकको अर्थ व्यवस्था चलाउने कार्यमा बाह्य क्षेत्रको भूमिका बढ्न गएको छ । त्यसैले आन्तरिक र बाह्य गरी करीब २४ खर्ब ऋण पुगिसकेको छ । रेमिट्यान्सबाट करीब १३ खर्ब रुपियाँ भित्रिन्छ। करीब ५४ खर्बको आर्थिक संरचना भएको सानो अर्थतन्त्रमा यसलाई कम कम भन्न मिल्दैन। राष्ट्रिय बजेटको हाराहारीमा स्वदेश भित्रिने यो रेमिट्यान्सको रकम उत्पादनशील क्षेत्रमा लगानी गर्न सकियो भने मुलुकको अर्थतन्त्रको स्वरूप नै परिवर्तन हुन सक्छ । तर यसरी प्राप्त हुने रकमलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्न सकिएको छैन। करीब ७० प्रतिशत उपभोगमा र ३० प्रतिशत मात्र उत्पादनशील क्षेत्रमा लगानी भएको तथ्याङ्क छ। श्रम निर्यात गरेर कुनै पनि मुलुक धनी बन्न सकेको उदाहरण छैन। मुलुकको आर्थिक विकास र समृद्धिका लागि वस्तु निर्यात गर्न सक्नुपर्दछ। यसका लागि मुलुकभित्रै आन्तरिक उत्पादन बढाउनुपर्छ । आन्तरिक उत्पादनले एकातिर आन्तरिक आवश्यकता पूर्ति गर्छ भने अर्कोतिर वस्तु निर्यात गरेर मुलुकको अर्थतन्त्र सबल, सक्षम र सुदृढ बन्छ ।

मुलुकभित्र उद्यमशीलताको विकास गरी विभिन्न उद्योग व्यवसायहरूको स्थापना एवं सञ्चालन विनाउत्पादन बढाउन सकिंदैन । उत्पादन नबढाई आम्दानी हुने कुरै भएन। आम्दानी नबढाई देशमा समृद्धि सम्भव छैन । यसरी आद्यौगिक क्षेत्रको विकास तथा उत्पादनमा वृद्धि नगरी आर्थिक समृद्धि सम्भव देखिंदैन। त्यसैले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन एवं आयात विस्थापन र रोजगार सृजना गर्ने खालका परियोजनामा लगानी बढाउनुपर्ने सरकार को रणनीति हुनुपर्छ ।



लालझाडी गाउँपालिकाको डाँडाजाईका राना थारू समुदायका व्यक्ति बेतको टोकरी बुन्दै । बेतबाँसबाट निर्मित सामग्री थारू समुदायका कृषि र घरायसी प्रयोजनका लागि प्रयोग हुने गरेका छन् । तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# ‘सूचना प्रविधिलाई सुशासन र समृद्धिको आधार बनाइनुपर्छ’

काठमाडौं, २५ माघ/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिलाई सुशासन र समृद्धिको आधार बनाइनुपर्ने बताएकी छन् । कम्प्युटर एशोसिएशन नेपाल महासङ्घ (क्यान)ले आयोजना गरेको




‘२९औं क्यान इन्फोटेक’को बिहीवार उद्घाटन गर्दै उनले सूचना प्रविधिलाई आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकतामा राखिएको बताइन् ।

सूचना प्रविधिको विकासबाट समृद्धि हासिल गर्न सकिने उल्लेख गर्दै मन्त्री शर्माले डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनसँगै त्यसले मूर्तरूप लिने बताइन्। सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई प्रमुख कार्यभारका रूपमा अघि बढाएको भन्दै उनले १६औं आवधिक योजनामा सूचना प्रविधिलाई प्राथमिकतामा राखिएको बताइन् ।

सूचना प्रविधिसम्बन्धी रूपान्तरणकारी आयोजना सञ्चालन गरी मुलुकको अर्थतन्त्र सबल बनाउँदै रोजगार सिर्जना गर्नुपर्नेमा जोड दिंदै मन्त्री शर्माले अब श्रमिक नभई सेवा निर्यात गर्ने मुलुकका रूपमा विकास गरिनुपर्ने बताइन् । “सूचना प्रविधिको विकासमार्फत सेवा विकास गर्न सकिन्छ, यसबाट रोजगार सिर्जना हुन्छ,” उनले भनिन्, “बढ्दो विदेश पलायनलाई पनि रोक्न सकिन्छ ।”

मन्त्री शर्माले क्यानलाई आफ्नो सेवा क्षेत्रको दायरा विस्तार गर्न आग्रह गर्दै सरकारी र निजी क्षेत्रको सहकार्यबाटै सूचना प्रविधि क्षेत्रको विकास गर्न सकिने बताइन्। “अबको लगानी सूचना प्रविधि क्षेत्रमा हुनुपर्छ, सूचना प्रविधिको क्षेत्रको विकासबाट मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सकिन्छ,” उनले भनिन् ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवालले नेपालको हरेक क्षेत्र लगानीका लागि उपयुक्त भएपनि नीतिगत स्थिरताका अभावमा लगानीकर्ता आकर्षित हुन नसकेको उल्लेख गर्दै त्यसका लागि नीतिगत र कानूनी स्थायित्व अपरिहार्य रहेको बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सूचना प्रविधिको विकासविना मुलुकको समृद्धि सम्भव नभएकाले सूचना प्रविधिसम्बन्धी सेवा प्रभावकारी बनाएर नेपाललाई ‘आइटी हब’ बनाइनुपर्ने बताए ।

क्यानका अध्यक्ष रञ्जीतकुमार पोदारले सूचना प्रविधिसम्बन्धी सेवा निर्यात गरेर रोजगार सिर्जनाका साथै विदेशी मुद्रा भित्र्याउन थालेको यस क्षेत्रलाई सरकारले प्राथमिकता दिनुपर्ने बताए । मेलामा १५० भन्दा बढी कक्ष रहेका छन् । मेलामा करीब साढे तीन लाख व्यक्तिले अवलोकन गर्ने आयोजकको दाबी छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# माल्दिभ्स सङ्कटसहित उच्च ऋण जोखिममा छ -आइएमएफ



माल्दिभ्स, २५ माघ/एएनआई

बढ्दो वित्तीय घाटा र सार्वजनिक ऋणको बीचमा माल्दिभ्स ऋण सङ्कटको उच्च जोखिममा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले जनाएको छ।

पियापोर्न सोड्स्रीविबुनको नेतृत्वमा आइएमएफको टोलीले हालैको आर्थिक घटनाक्रम र देशको नीतिगत प्राथमिकताहरूबारे छलफल गर्न जनवरी २३ देखि फेब्रुअरी ६ सम्म माले भ्रमण गरेपछि रिपोर्ट सार्वजनिक गरेको हो।

माल्दिभ्सको अर्थतन्त्र सन् २०२२ मा १३.९ प्रतिशतले विस्तार भएको र सन् २०२३ मा ४.४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ।

सन् २०२४ मा पर्यटक आवागमन वृद्धि भई ५.२ प्रतिशत पुग्ने अपेक्षा गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

विश्वव्यापी वित्तीय एजेन्सीले इन्धनको बढ्दो मूल्य तथा व्यापक आयात मागको बीचमा सन् २०२४ मा ठूलो घाटा रहने अनुमान गरेको छ।

महत्त्वपूर्ण नीतिगत परिवर्तन नभएसम्म वित्तीय घाटा र सार्वजनिक ऋण निरन्तर बढ्ने अनुमान गरिएको छ।

बाढी तथा बढ्दो समुद्री सतहका कारण माल्दिभ्स गम्भीर आर्थिक लागतका जलवायु परिवर्तनको अत्यधिक जोखिममा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

आइएमएफका अनुसार सङ्कट कम गर्न, सार्वजनिक वित्त तथा ऋणको दिगोपन पुनर्स्थापना गर्न कडा मौद्रिक र विवेकपूर्ण नीतिसहित दिगो वित्तीय सुदृढीकरण आवश्यक छ।

ग्लोबल फाइनान्सियल एजेन्सीले जलवायु अनुकूलन प्रयासहरूलाई समर्थन गर्न संस्थालाई बलियो बनाउन सुझाव दिएको छ। जसले अतिरिक्त जलवायु वित्तपोषणमा पहुँच वृद्धि गरी जलवायुसम्बन्धी प्रतिबद्धताहरू पूरा गर्न मदत गर्ने एजेन्सीले जनाएको छ। रासस

# भारत-बङ्गलादेशबीचको सम्बन्ध विशेष -विदेशमन्त्री महमुद

नयाँ दिल्ली, २५ माघ/ रासस

हाल भारतको आधिकारिक भ्रमणमा रहेका बङ्गलादेशका विदेशमन्त्री हसन महमुदले भारत आफ्नो नजीकको छिमेकी भएको उल्लेख गर्दै आफूहरूको सम्बन्ध विशेष भएको बताएका छन्।



एएनआईसँग कुरा गर्दै विदेशमन्त्री महमुदले भारत बङ्गलादेशको छिमेकी मात्र नभई बङ्गलादेशको स्वतन्त्रता युद्धमा पनि महत्त्वपूर्ण सहयोगी भूमिका खेलेको कुरामा जोड दिएका छन्।

महमुदले बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले चुनावपछि भारत भ्रमण गर्ने बताउँदै भारत-बङ्गलादेशका समस्याहरूको विस्तृत शृङ्खला रहेको बताए। उनले भने, "बङ्गलादेशको स्वतन्त्रता र स्वाधीनता प्राप्तिको आन्दोलनमा भारतीय जनता तथा सेनासमेतले आफ्नो रगत बगाएकाले दुई राष्ट्रबीचको सम्बन्ध रगतले बाँधिएको छ।"

आफ्ना भारतीय समकक्षी जयशङ्करसँगको भेटमा बङ्गलादेशका विदेशमन्त्रीले सीमापारका मुद्दाहरू, शक्ति साझेदारी, समन्वयलगायत सबै मुद्दामा छलफल गरेको एएनआईलाई बताए।

यसअघि बङ्गलादेशका विदेशमन्त्री महमुदले आफ्नो भारत भ्रमणले दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन योगदान पुऱ्याउने बताएका थिए।

बङ्गलादेशका वा भारतीय मन्त्रीको बङ्गलादेशको कुनै पनि भ्रमणले द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने उनको भनाइ रहेको छ। विदेशमन्त्री महमुदले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गरेका थिए।

दुई नेताहरूले सुरक्षा सुनिश्चित गरी बाहिरी स्थिरतासमेत कायम गर्न क्षेत्रीय सहयोग बढाउनका लागि मार्गहरू खोज्न छलफल भएको छ।

प्रधानमन्त्रीका रूपमा लगातार चौथो कार्यकाल सुरक्षित गर्दै शेख हसिनाले ऐतिहासिक विजय प्राप्त गरी बङ्गलादेशको नयाँ सरकारमा शपथ लिएपछि महमुदको यो पहिलो विदेश भ्रमण हो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – अलमल |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुभय | कन्या – चोरभय |
| तुला – वाहनकष्ट | वृश्चिक – मित्रमिलन |
| धनु – कान्तिक्षय | मकर – अन्नलाभ |
| कुम्भ – खर्चवृद्धि | मीन – धनजलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

- भिस्वा- बिहान ७:४० बजे
- भिस्वा- बिहान १०:०० बजे
- भिस्वा- मध्याह्न १२:०० बजे
- भिस्वा- दिउँसो १:३० बजे
- दसौता- दिउँसो २:३० बजे
- सेढवा- दिउँसो ३ बजे
- देउरिया- दिउँसो ३:१५ बजे
- भिस्वा- दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# मन्त्रीहरूलाई प्रधानमन्त्रीको निर्देशन

# मुख्यमन्त्रीहरूको चासोलाई सम्बोधन गर्नुस्

काठमाडौं, २५ माघ/ रासस

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सङ्घीयता कार्यान्वयनको सवालमा प्रदेश सरकारका मुख्यमन्त्रीहरूले व्यक्त गरेका भावना यथाशीघ्र सम्बोधन गर्न सङ्घीय सरकारका मन्त्रीहरूलाई निर्देशन दिएका छन्।



प्रधानमन्त्री प्रचण्डको अध्यक्षतामा सिंहदरबारमा बिहीवार उनीसहित मन्त्रिपरिषद्का सदस्यहरूसँग सातै प्रदेशका मुख्यमन्त्रीको बैठक बसेको थियो। सो अवसरमा प्रधानमन्त्री प्रचण्डले भने, "सङ्घीयताको सुदृढ कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी हो। यहाँहरूले मुख्यमन्त्रीको चिन्ता र चासो बुझ्नु नै भयो। त्यसलाई गम्भीरतापूर्वक लिनुस्।" मुख्यमन्त्रीहरूको सक्रियताबाट सङ्घीयता कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री प्रचण्डले आफ्नो नेतृत्वको सरकारले सङ्घीयता कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको स्पष्ट पारे।

छलफलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयता कार्यान्वयनका सन्दर्भमा प्रधानमन्त्री प्रचण्डको अग्रसरतालाई गम्भीररूपमा लिँदै सङ्घीय मन्त्री र सांसद पनि उत्तिकै जिम्मेवार हुनुपर्ने बताए। कोरला नाका सञ्चालनमा प्रधानमन्त्री प्रचण्डले लिएको पहलका लागि धन्यवाद दिँदै उनले मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक समयमैं निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराए।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले छिमेकी मुलुक भारतसँग जोडिएका छोटी भन्सार कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरे। मधेस प्रदेशमा सिंचाइ र खानेपानीको चर्को समस्या रहेको उल्लेख गर्दै उनले ती समस्या समाधान गर्न सङ्घीय सरकारले पहल लिनुपर्नेमा जोड दिए। मुख्यमन्त्री यादवले भने, "सङ्घ र प्रदेशको संयुक्त लगानीमा सिंचाइ आयोजना सञ्चालन गरौं, तराई-मधेसमा उत्पादकत्व बढाऔं।"

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले सङ्घीयता कार्यान्वयनमा देखिएका ढिलासुस्तीका सम्बन्धमा समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याए। कर्णाली प्रदेशमा अझै विद्युतीकरणको समस्या रहेको, सिंचाइको भरपर्दो व्यवस्था हुन नसकेको र दूरसञ्चार सेवा कमजोर रहेको उल्लेख गर्दै उनले यी समस्या समाधानमा सम्बन्धित सङ्घीय मन्त्रालयले ध्यान दिनुपर्ने बताए।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री प्रचण्डले लिएको पहलको सराहना गर्दै सोहीस्तरमा सङ्घीय सरकारका मन्त्रीहरूले पनि अग्रसरता देखाउनुपर्ने बताए। उनले सङ्घीयता लागू गर्न ढिलो हुनुमा केन्द्रिकृत मानसिकता मूलरूपमा जिम्मेवार रहेको उल्लेख गरे। मुख्यमन्त्री शाहले भने, "प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा सुदूरपश्चिमको विकासमा महत्त्वपूर्ण सम्झौता भएका छन्। यो सरकारको पालामा नै सुदूरपश्चिमको विकास प्राथमिकतामा परेको छ। म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु।"

बागमती प्रदेशका मुख्यमन्त्री सालिकराम जमरकट्टेलले सङ्घीय मन्त्रालयले अधिकार छिटो हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै भने, "कानून बनाएर दिनुपर्ने अधिकारका लागि समय लाग्ला। तर निर्णय गरेर दिनुपर्ने अधिकारमा ढिलाइ गर्नुभएन।" उनले सङ्घीयता कार्यान्वयनमा कर्मचारी प्रशासनले एकात्मक मानसिकता त्याग्नुपर्नेमा जोड दिए।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री प्रचण्डले देखाएको सक्रियतालाई सङ्घीय मन्त्रीहरूले पनि अनुसरण गर्नुपर्ने बताए। उनले भने, "सङ्घीयता हामीले नै ल्याएको हो, कार्यान्वयनमा पनि हामीले नै अपनत्व लिनुपर्छ। संविधान निर्माण गर्ने शक्तिहरू नै सङ्घीयता कार्यान्वयनमा लाग्नुपर्छ।"

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सङ्घीयता कार्यान्वयनमा प्रधानमन्त्री प्रचण्डको भावना मन्त्रीहरूले पनि बुझ्नुपर्ने बताए। उनले भने, "सङ्घीयता कार्यान्वयनमा सङ्घीय मन्त्रीज्यूहरूको 'रिपोर्ट कार्ड' जान्न चाहेका छौं। सङ्घीय मन्त्रीहरूले तल हस्तान्तरण गर्नुपर्ने अधिकारमा ढिलाइ नगर्नुस्।"

**इतिहास ...**

अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावको ज्ञानलाभ गरी भविष्यमा अपनाउनुपर्ने सतर्कताबारे पनि सचेत गराउँछ। देश कसरी निर्माण भयो, विगतमा देश कस्तो थियो ? यस्ता विषयमा छलफल गर्न पनि इतिहास विषयले सहज बनाउँछ। समग्रमा इतिहास विषयले देशभक्ति भाव बढाउँछ।

इतिहास विषय केवल राजा महाराजाको महिमामण्डन होइन। विगतका कमजोरीहरू केलाउने र निफन्ने महत्त्वपूर्ण साधन पनि हो, इतिहास विषय। उदाहरणका लागि आफ्नो स्वास्थ्य समस्या लिएर कुनै चिकित्सककहाँ पुगेको एक बिरामीको विषयमा कुरा गरौं। उनलाई चिकित्सकले सम्बन्धित स्वास्थ्य समस्या पहिले पनि भएको थियो कि थिएन भनेर सोध्छ। यस्तो समस्या उनका बुबाआमा वा परिवारका कोही कसैलाई पनि भएको थियो भनेर पनि सोध्छ। पहिले सेवन गर्ने गरेको औषधिका बारेमा पनि सोध्छ। अर्थात् ती बिरामीको इतिहास सोध्छ।

अझ विगतमा स्वास्थ्य परीक्षण गराएका रिपोर्टहरू छन् भने त चिकित्सकलाई सम्बन्धित बिरामीको रोग निदान गरी उपचारको सिफारिश गर्न सजिलो हुन्छ। भन्नुको अर्थ देशमा विगतमा भएका सबै समस्याको चित्रण इतिहास विषयमा आउँछ। ती समस्याका कारण वर्तमानले झेल्न परेको परिस्थितिबारे ज्ञान दिन्छ इतिहास विषयले। त्यहीं ज्ञानको आधारमा हामीले देशका समस्याको अन्त्य गरेर उज्यालो भविष्य निर्माण गर्न सक्छौं।

हामी नेपालमा बारम्बार आउने जाने भूकम्पलाई पनि उदाहरणका रूपमा लिन सक्छौं। भूकम्प किन आउँछ ? यस विषयमा भूगर्भशास्त्रीहरूले पत्ता लगाएकै छन्। तर भूकम्प कहिले आउँछ भन्ने विषयमा भूगर्भशास्त्रीहरूले आजसम्म पत्ता लगाउन सकेका छैनन्। यस विषयमा थाहा पाउने एउटै माध्यम हुन पुगेको छ, इतिहास। हरेक ५० वर्षको अन्तरालमा नेपालमा ठूलो भूकम्प आउँछ भन्ने ऐतिहासिक अभिलेख अनुसार नै यसबारे सतर्कता अपनाउन विज्ञहरूले सुझाव दिँदै आएका छन्।

हालै जाजरकोट र रूकुममा आएको विनाशकारी भूकम्पबारे विज्ञहरूले त्यहीं इतिहासको आधारमा सचेत गराउँदै आएका थिए। पश्चिम नेपालका नागरिकहरूले विगत पाँच सय वर्षयतादेखि यस्तो विनाशकारी भूकम्पको अनुभव गर्न पाइरहेका थिएनन्। दार्शनिक भोल्टेयर इतिहास विषयमा भन्छन्, "विगतका तथ्यहरूलाई सङ्कलन गरेर रोचक पाराले प्रस्तुत गर्नु मात्रै इतिहास होइन, इतिहास त भविष्य हेर्ने आँखा हो।"

**इतिहास र पर्यटन**

सुन्दर हिमलस्कर मुस्कुराउने देश हो, नेपाल। विविधतायुक्त सुन्दर देश भएकै कारण नेपाललाई पूर्वको स्वीट्जरल्यान्ड पनि भनिन्छ। पर्यटकहरू भौगोलिक र प्राकृतिक सुन्दरताको रसस्वादन गर्न त आउँछन् नै, स्थानीय जनजीवन, संस्कृति र पुरातत्त्वको ज्ञानको भोक पनि उनीहरूमा हुने गर्छ। पर्यटकहरूलाई स्थानीय जनजीवन, संस्कृति र पुरातत्त्वको ऐतिहासिक ज्ञानले परिपूर्ण बनाउनका लागि पनि इतिहास अध्ययन गर्नैपर्छ। इतिहास जति प्राचीन हुन्छ, पर्यटकहरूलाई त्यसले थप आकर्षित बनाउँछ।

नेपालमा अनेकौं ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरू छन्। यी सम्पदाहरू नेपाली सभ्यता विकासका परिचायक हुन्। यी सम्पदाहरूको ऐतिहासिक विकासक्रमबारे प्रकाश पारेर पर्यटकहरूलाई सन्तुष्ट पार्नका लागि सम्बन्धित विषयको इतिहासबारे ज्ञान हुनैपर्छ। यस्ता सम्पदाहरूको इतिहास अध्ययन गरी यसको प्रकाशन र प्रचारले पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ। नेपालको इतिहास अध्ययन गर्न विगतमा प्रशस्तै विदेशी विद्वानहरू नेपाल आएर नेपालको इतिहास लेख्न भ्याए। नेपालमा लेख्न बाँकी इतिहासप्रति आकर्षण बढाएर प्राज्ञिक पर्यटन प्रवर्द्धनमा पनि इतिहास विषयले महत्त्वपूर्ण भूमिका निभाउन सक्छ।

**अन्त्यमा**

अब इतिहास विषय राजा महाराजाको महिमामण्डन मात्रै होइन भन्ने धारणालाई व्यापक बनाउन अत्यावश्यक भएको छ। हिजोको जुन राजनीतिक व्यवस्था थियो र त्यसले इतिहास विषयलाई कतिसम्म समेट्ने भन्ने सीमा निर्धारण गरिदिएको थियो। अबको परिवेश त्यस्तो छैन। इति-ह-आस शब्दको संश्लेषणबाट इतिहास शब्द बनेको छ। इति भनेको 'यस्तो', ह भनेको 'पक्का' र आस भनेको 'थियो' भन्ने अर्थ लाग्छ।

हिजो राजा महाराजाको जुन प्रकारले महिमामण्डन गर्दै इतिहास शब्दकै मर्मलाई बिर्सेर लेख्नुपर्ने बाध्यता थियो, अब त्यो परिस्थिति पनि छैन। जे सत्य हो, जतिसुकै तीतो भएपनि त्यो लेख्ने हो। आशा गर्न सकिन्छ। इतिहास विषयले पुनर्जीवन पाउने पक्का छ। (लेखक इतिहास अध्ययन र लेखनमा सक्रिय छन्। रासस)



बारा जिल्लाको फेटा गाउँपालिका वडा नं १ मा संविधानमा उल्लिखित मौलिक अधिकार विद्यालय जानबाट वञ्चित डोम समुदायका बालबालिकाहरू । तस्वीरः दिनेश मिश्र


**हार्दिक समवेदना**



स्व इन्दिरा शर्मा आचार्य

जन्म मितिः २००२/०२/०४

स्वर्गारोहणः २०८०/१०/१८

यस सहकारी संस्थाका सल्लाहकार **सीताराम उपाध्याय**की पूजनीय माता **इन्दिरा शर्मा आचार्य**को असामयिक स्वर्गारोहण भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साइँबाबा बचत तथा ऋण सहकारी संस्था लि. परिवार, वीरगंज**



**क्यान्सरबाट बचौं, स्वस्थ रहौं**

क्यान्सर रोगका कारणः
- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदूषित वायुमण्डल,
- तारेको, झानेको तथा फास्ट फूड एवं जङ्क फूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्छ ।

यसबाट बच्न,
- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फास्ट फूड एवं जङ्क फूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारीरिक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।
- स्वस्थ रहौं, दीर्घ जीवनयापन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सोनम ल्होछार धूमधामले मनाइने

प्रस, वीरगंज, २५ माघ/

नेपाल तामाङ धेदुङ र टाँसी साङ्ग धार्वालिङ्ग बौद्ध गुम्बा वीरगंजले २८६०औं सोनम ल्होछार यस वर्ष वीरगंजमा विभिन्न कार्यक्रमसहित सार्वजनिकरूपमा मनाउने बताएको छ ।

नेपाल तामाङ धेदुङ र टाँसी साङ्ग धार्वालिङ्ग बौद्ध गुम्बा वीरगंजले बिहीवार पत्रकार सम्मेलन गर्दै यस वर्ष सोनम ल्होछार पर्व धूमधामका साथ कार्यक्रम आयोजना गरेर मनाउने संस्कृति संयोजक सन्नी पाख्रिनले बताए ।

उनले सोनम ल्होछारको दिन माघ २७ गते शनिवार धार्वालिङ्ग बौद्ध गुम्बा वीरगंजमा बिहान पूजाअर्चना गरिने, त्यसपछि शोभायात्रा निकालेर पुरानो बसपार्क प्रस्थान गर्ने, पुरानो बसपार्कमा डेढ घण्टा पूजा गर्ने, सांस्कृतिक कार्यक्रम आयोजना गरिने र विभिन्न परम्परागत खानाहरूको स्टल राखिने बताए। यसअघि सोनम ल्होछार वीरगंजमा मनाउँदै आए पनि यस वर्षदेखि सार्वजनिक कार्यक्रम गरी मनाउन थालिएको मुख्य संयोजक मणि पाख्रिनले बताए ।

## सिलाइकटाइ तालीम सम्पन्न

प्रस, वीरगंज, २५ माघ/

वीरगंज महानगरपालिका–१५ वडा कार्यालयको सहयोगमा सरीता सीपकला केन्द्रले आयोजना गरेको महिलाहरूको लागि ४५ दिने सिलाइकटाइ तालीम बिहीवार समापन भएको छ ।

समापन कार्यक्रममा वडाध्यक्ष रमेश यादवले वडाका महिलाहरूको क्षमता अभिवृद्धि गराएर उनीहरूलाई रोजगार प्रदान गर्ने उद्देश्यले तालीम आयोजना गरिएको बताए। उनले तालीम लिएका महिलाहरूले सीप अनुसारको रोजगार गर्ने हो भने आयआर्जनमा टेवा पुग्ने र यस्ता कार्यमा संलग्न महिलाहरूलाई वडापालिकाले सहयोग गर्ने बताए । सरीता सीपकला केन्द्रकी अध्यक्ष सरीता गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा वडासचिव वीरेन्द्र साह, वडा सदस्य राजेश्वरी देवी, इन्द्रादेवी सोनारी, रामानन्दप्रसाद कुर्मी, प्रशिक्षक सविता शर्मा, तुलसी शर्मालगायतको सहभागिता थियो ।

## नक्कली नोटसहित पाँचजना पक्राउ

प्रस, वीरगंज, २५ माघ/

जिल्ला प्रहरी कार्यालय, बाराले नेपाली नक्कली नोटसहित पाँचजनालाई पक्राउ गरेको छ ।

जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले इलाका प्रहरी कार्यालय, जीतपुरले जीतपुरसिमरा उपमहानगरपालिका–७ बजार क्षेत्रबाट एकजनालाई नक्कली नोटसहित पक्राउ गरेको र सोही कार्यमा संलग्न थप चारजना गरी पाँचजनालाई पक्राउ गरिएको बताए ।

प्रवक्ता न्यौपानेले सर्लाहीको चन्द्रनगर गाउँपालिका–३ का ४४ वर्षीय रामचन्द्र महतो कोइरीलाई ६१ थान नेपाली नक्कली नोटसहित पक्राउ गरेको र सोही घटनामा संलग्न परवानीपुर–५ बाराका सुमित साह, सन्तोष पटेल तथा वीरगंज महानगरपालिका–१० निवासी विशाल श्रीवास्तव र नीरज श्रीवास्तवलाई पक्राउ गरिएको बताए । उनले घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए ।

# खेलकूदको संसार

## कप्तान पौडेल चम्कँदा नेपालको रोमाञ्चक जीत

काठमाडौं, २५ माघ/रासस

कप्तान रोहित पौडेल एक्लैले चार विकेट लिएपछि नेपालले क्यानडाविरुद्धको खेलमा सात रनको रोमाञ्चक जीत हासिल गरेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले बलिङ गरेको पाहुना टोलीले नेपाललाई सामान्य योगफलमा समेटे पनि जीत भने दर्ता गर्न सकेन । एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलाको पहिलो खेलमा नेपालले प्रस्तुत गरेको २२५ रनको सामान्य लक्ष्य पछ्याएको क्यानडा ४७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै २१७ रनमा सीमित भयो ।

क्यानडाका लागि निकोलस कीर्तनले ९९ बलमा सात चौकाको मदतमा ६८ रन बनाए भने पर्गट सिंहले ५० र हर्ष थाकरले ३२ रनको योगदान दिए । तर अन्य खेलाडीले उल्लेख्य योगदान गर्न नसक्दा पहिलो खेलमा जीत दर्ता गर्नबाट चुक्यो ।

पहिलो विकेट १९ रनमा गुमाएको क्यानडाले दोस्रो विकेट ३५ को अवस्थामा गुमायो । त्यसपछि निकोलस कीर्तन र पर्गट सिंहले पारी सम्हाल्दै तेस्रो विकेटका लागि ७९ रनको साझेदारी गर्दै टोलीलाई बलियो अवस्थामा पु¥याए ।

चौथो विकेटका लागि निकोलस कीर्तन र हर्ष थाकरले ६० रनको साझेदारी गर्दा क्यानडा १७४ रनको बलियो अवस्थामा पुग्यो । यो अवस्थामा क्यानडालाई जीतका लागि १७ ओभरमा ५१ रनको आवश्यक थियो । खेल पूर्णरूपमा क्यानडाको पक्षमा ढल्किसकेको थियो ।

त्यसपछि क्यानडाको पारी बिग्रियो। उसले थप ४३ रन बनाउँदा बाँकी छ विकेट गुमाउन पुग्यो। क्यानडाको पाँचौं विकेट १८९ रनमा गुम्यो भने छैटौं विकेट १९५ रन छँदा गुम्यो। साथै सातौं र आठौं विकेट २०७ रनमा, आठौं र नवौं विकेट २१२ रनमा र अन्तिम विकेट २१७ रनमा गुमायो ।

नेपालका लागि कप्तान पौडेल एक्लैले चार र ललित राजवंशीले दुई विकेट लिए। त्यसैगरी, सोमपाल कामी, रिजन ढकाल, पवन सर्राफ र कुशल मल्लले समान एक/एक विकेट लिए ।

जीतसँगै नेपाल तीन खेलको शृङ्खलामा १–० को अग्रता बनाएको छ ।

टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धातिर ५० ओभरमा अलआउट हुँदा २२४ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कुशल भुर्तेलले ५८ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ६२ रन बनाए।

त्यस्तै, आशिफ शेख र रोहित पौडेलले समान आठ/आठ रन मात्रै बनाए। भीम सार्कीले १७, कुशल मल्लले २०, आरिफ शेखले ३८, पवन सर्राफले १५, सोमपाल कामीले २७, सूर्य तामाङले १० तथा रिजन ढकालले चार रन बनाए ।

नेपाललाई अलआउट गर्ने क्रममा क्यानडाका उदय भागवानले तीन विकेट लिए भने साद विन जफर र ईश्वरजीत सोहीले समान दुई/दुई विकेट लिए । त्यस्तै, हर्ष थाकर र शाहिद अहमदजाइले समान एक/एक विकेट झारे ।

आगामी फागुनमा हुने आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत नामिबिया र नेदरल्यान्ड्सविरुद्धको शृङ्खला शुरू हुनुअघि नेपालले क्यानडासँग तीन खेलको एकदिवसीय शृङ्खला खेलेको हो ।

नेपाल र क्यानडाबीचको दोस्रो खेल यही माघ २७ हुनेछ ।

## ठोरीमा राष्ट्रपति रनिङ शिल्ड सम्पन्न

माधव तिमिल्सिना, ठोरी, २५ माघ/

ठोरी गाउँपालिकामा जारी दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बिहीवार समापन भएको छ ।

प्रतियोगितामा १३ स्वर्ण पदकसहित सरस्वती मावि, गौतमनगर प्रथम भएको छ । गत वर्ष पनि सरस्वती मावि प्रथम भएको थियो । प्रथम भएको सरस्वती माविले नगद रु ३० हजार र शिल्ड प्राप्त गरेको छ ।

यसैगरी, पाँचवटा स्वर्ण पदकसहित नेरामावि, ओडार द्वितीय भयो भने मावि विजयबस्ती चारवटा स्वर्ण पदकसहित तेस्रो भएको छ। द्वितीय र तृतीय विद्यालयले क्रमशः नगद रु २५ र २० हजार तथा शिल्ड प्राप्त गरेका छन्। प्रतियोगितामा ठोरी गापाका छवटा सामुदायिक माध्यमिक विद्यालय सहभागी थिए ।

ज्ञानज्योति माध्यमिक विद्यालयको मैदानमा सम्पन्न प्रतियोगितामा एथलेटिक्सतर्फ एक सय, दुई सय, आठ सय, १५ सय तथा तीन हजार मिटर दौड प्रतियोगिता भएको थियो। यसैगरी, हाइजम्प, लङजम्प, शर्टफुट, ट्रिपलजम्पलगायतका खेल समावेश थिए। प्रतियोगिताका विजेताहरूलाई नगद, शिल्ड र प्रमाण प्रदान गर्दै कार्यक्रमका प्रमुख अतिथि गापाध्यक्ष लालबहादुर श्रेष्ठले प्रत्येक विद्यालयमा खेलकूदको विकासका निमित्त पालिका जिम्मेवार भएर लाग्ने बताए। कार्यक्रममा उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, वडाध्यक्षहरू, पूर्व जनप्रतिनिधिहरू, सामुदायिक विद्यालयका शिक्षक एवं विद्यार्थीहरूको




सहभागिता थियो ।

माघ २३ गतेबाट सञ्चालित रनिङ शिल्डका सम्पूर्ण खेल पूरा भएसँगै प्रतियोगिताको समापन गरिएको हो । उक्त प्रतियोगितामा १३ स्वर्ण, १२ रजत र सात कांस्य पदकसहित सरस्वती मावि प्रथम भएको छ। त्यस्तै, पाँच स्वर्ण, चार र जत र पाँच कांस्य पदकसहित नेपाल राष्ट्रिय माविले दोस्रो स्थान प्राप्त गरेको छ। साथै चार स्वर्ण, चार रजत र दुई कांस्यसहित मावि विजयबस्तीले तेस्रो स्थान प्राप्त ग¥यो ।

## वीरगंजमा अल्पाइन कप हुँदै

प्रस, परवानीपुर, २५ माघ/

वीरगंजमा अल्पाइन कप आयोजना हुने भएको छ। अल्पाइन मावि, वीरगंजको आयोजनामा माघ २७ देखि फागुन १९ गतेसम्म अल्पाइन टी–२० क्रिकेट प्रतियोगिता आयोजना हुने आयोजक सो माविले जनाएको छ। प्रतियोगितामा सहभागी कलेजहरूबाट रु २० हजार प्रवेश शुल्क लिइएको छ । साथै, भारतका केही विश्वविद्यालयहरूबाट पनि सहयोग हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा आयोजक अल्पाइन, बिपिएस, बिपिसी, मिनील्यान्ड, एनआई, ममता, एनए, डेसिमल, कलैयाका बालएकता र दुर्गा मोडेल कलेज, पर्सा म्यानेजमेन्ट, मेरिगोल्ड, पिसजोन, ग्लोबल, ओम, वीरगंज सेन्ट्रल कलेजले सहभागिता जनाएका छन्। प्रतियोगिता सञ्चालन आयोजकले रु छ लाख खर्च अनुमान गरेको छ ।

## विन्ध्यवासिनी गापामा विद्यालयस्तरीय खेलकूद सम्पन्न

प्रस, वीरगंज, २५ माघ/

विन्ध्यवासिनी गाउँपालिकामा विद्यालयस्तरीय खेलकूद प्रतियोगिता सम्पन्न भएको छ। 'स्वास्थ्यको लागि खेल' नाराका साथ शुरू भएको प्रतियोगिता माध्यमिक विद्यालय झौवागुठीको मैदानमा बुधवार सम्पन्न भएको हो ।

कार्यक्रममा गापा अध्यक्ष प्रमोद तिवारीले विद्यालयस्तरीय खेलकूद प्रतियोगिता विद्यार्थीहरूले आआफ्नो प्रतिभा उजागर गर्न पाउने अवसर भएको बताए । उनले देशलाई खेलले विश्वमाझ पहिचान दिलाउने भएकोले खेलाडी उत्पादनमा विद्यालयस्तरदेखि नै ध्यान दिनुपर्ने बताए । उनले खेलकूदलाई समयानुकूल विकास गर्ने क्रममा देखिएका समस्याहरूको पालिकास्तरबाट समाधान गर्न लाग्नुपर्ने बताए ।

माघ १९ गतेदेखि शुरू भएको प्रतियोगितामा गापा अन्तर्गतका १४ वटा विद्यालयले भाग लिएका शिक्षा शाखा प्रमुख कपिल लामिछानेले बताए । उनले प्रतियोगितामा म्युजिकल चेयर, शर्टफुट र ज्याब्लिङ थ्रो गरी तीनवटा खेल समावेश भएको बताए। प्रतियोगितामा मावितर्फ राधाकृष्ण चौरसिया मावि प्रथम र दोस्रो तथा मसरुर आधारभूत विद्यालय तेस्रो भएको थियो। यसैगरी, प्रावितर्फको खेलमा मसरुर आधारभूत विद्यालय प्रथम, भगवती नेरा प्रावि दोस्रो र राधाकृष्ण चौरसिया मावि तेस्रो भएका थिए ।

प्रधानाध्यापक रामचन्द्र महतोको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश ओझा, लेखा प्रमुख मिथलेश कुशवाहा, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक मोहनविक्रम केसी, सशस्त्र प्रहरी बल अमरपट्टिका प्रहरी निरीक्षक सागर मल्ल, गापा अन्तर्गतका विद्यालयहरूका प्रधानाध्यापक, शिक्षकशिक्षिका, विद्यार्थीहरूको सहभागिता थियो । कार्यक्रमको सहजीकरण प्रअ मुकलेश गद्दीले गरेका थिए ।